# रूपान्तरण






यस भित्र


१. शुभकामना सन्देश २. आत्मसम्मानपूर्ण जीवन ३. रोजगारदाताको तर्फबाट
४. सहकार्य र साझेदारी ५. शिक्षालय सन्दर्भ ६. साहित्यिक सिर्जना



## सानो ठिमी प्राविधिक शिक्षालय
सानोठिमी, भक्तपुर
२०७० फाल्गुन



### शुभ कामनाका दुई शब्द ।

रूपान्तरणको यात्रा क्रम दुईवर्ष पुरा भएकोमा यसमा संलग्न सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यस रूपान्तरणबाट यसको लेखक तथा पाठक सबैले लाभ लिन सकुन् भन्ने चाहन्छु । नेपाल एउटा अन्यन्त गरिब राष्ट्रको रूपमा विश्वमा चिनिन्छ । तर यसको ठिक विपरित आफ्नो काममा अन्यन्तै मिहेनती तथा लगनशील जातीका रूपमा समेत विश्वमा परिचित छन् । विभिन्न समस्या, गरिवि, कठिन भौगोलिक परिवेश, न्युन विकासका पुर्वाधारहरू जस्ता कठिनाई संग जुधेर बस्ने औसत नेपालीलाई औपचारिक शिक्षाको सट्टामा व्यावसायिक तालिमहरू प्रदान गरि दक्ष प्राविधिक बनाउन सकेमा यिनकै प्रयन्त र मिहेनतबाट देश विकास गर्न सकिन्छ र यसका साथै वैदेशिक रोजगारमा जानेहरूले समेत दक्ष काम गरि देश भित्र ठुलो मात्रमा धनराशि भित्र्याउन सक्छन् । यस्तो समस्यालाई अवलम्बन गरि देश भित्र शिक्षाबाट बञ्चित सबैलाई, सीप लिन चाहने बेरोजगारलाई, अति सीमान्तकृत वर्गलाई आफ्नो लक्षित समुह बनाई व्यावसायिक तालिम दिने पुनित उद्देश्य लिइ विगत ३ दशक देखि अनवरत युसेप नेपाल यस क्षेत्रमा कार्यरत छ ।

निश्चय नै यस पल्टको परिमार्जित र नयां नयां सामाग्री एवं प्राविधिक शिक्षा सम्बन्धि अनुभव पुर्ण ज्ञानगुणले भरिएको रूपान्तरण सबैका निम्ति पठनिय र उपयोगी हुनेछ भन्ने कुरामा दुइ मत छैन । यसका साथै नयां वर्ष २०७१ मा यस रूपान्तरणले अर्को फड्को मार्न सफल होस भन्ने शुभेच्छा व्यक्त गर्दै नयाँ वर्षको उपलक्ष्यमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**राम कृष्ण निराला**
अध्यक्ष, युसेप नेपाल



### शुभकामना

काम गर्ने दौरानमा संस्थाले प्रशस्त अवसरहरू र चुनौतिहरूको सामना गर्नु पर्ने हुन्छ । जसमा त्यस्तो संस्था सफल हुन्छ जसले अवसरको अधिकतम सदुपयोग गर्न सक्दछ र आई परेका चुनौतिको योजनाबद्ध ढंगले सामना गरि समाधानको उपाय निकाल्न सक्दछ । यस अर्थमा युसेप नेपाल सफल संस्थाको रूपमा मैले चिनेको छु । यसले आफ्नो ३५ वर्षे कार्यकालमा विभिन्न आरोह अवरोहहरू पार गर्दै आफुलाई व्यावसायिक तालिमको क्षेत्रमा अग्रपंक्तिमा उभ्याउन सफल भएको छ ।

अन्त्यमा, नयां वर्ष २०७१ को सुखद् उपलक्ष्यमा सबैको सफलताको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**लोकेश राज दली**
महासचिव, युसेप नेपाल



### पहिले सुरक्षा - Safety First !

आगो, पानी र शत्रुलाई सानो नठान्नु ! हाम्रा अभिभावकले भन्दै आएको उखान । उत्ति ध्यान दिंदैनौं यस्तो कुरामा किनकी हामी नयां मानिस, पढेका मानिस र आधुनिक भनाउंदा मानिस । तर यस्ता उखान लामो अनुभवले संगालको ज्ञानलाई सुत्रका रूपमा राखिएको हुन्छ । जसले यसमा ध्यान दिन्छ, व्यवहारमा उतार्छ उसलाई राम्रो हुन्छ, यसो नगर्नेको बारेमा भन्न सकिंदैन । वर्तमान समयमा आगो, पानी, विद्युत, धातु, पेट्रोल, मट्टितेल, डिजेल आदिलाई सानो नठान्नु भनेर उखान बनाए पनि हुन्छ । यसलाई मुल मन्त्र माने पनि हुन्छ । काम गर्दा सम्झिरहने गरे पनि हुन्छ ।

प्राविधिक व्यक्तिहरूले नजिक रहेर काम गर्ने वस्तु प्राय गरि धातु (मेटल), विद्युत, मसिन, पेट्रोल, डिजेल, मट्टितेल, औजार आदि नै हुन् । यस्ता वस्तुसंग काम गर्दा सानो हेलचेक्र्याईले पनि चोटपटक लाग्ने र ज्यानै जाने सम्मको जोखिम हुन्छ । यी जोखिमलाई पूर्ण रूपमा अन्त्य गर्न त सकिंदैन तथापी हाम्रो तयारी र सतर्कताले धेरै मात्रामा कम गर्न भने अवश्य सकिन्छ ।

व्यावसायिक तालिममा एप्रोन लगाउनुको अर्थ आफ्नो शरीरलाई चोट लाग्नवाट केही कम गर्नु र कपडाको सुरक्षा गर्नु पनि हो, जुत्ता लगाउनाले विद्युत संगको सम्पर्क र कुनै वस्तु खसेमा खुट्टाको सुरक्षा हुन्छ, चश्मा लगाउनाले अत्याधिक प्रकाशको कारणले आंखामा हुन सक्ने असरमा कमि हुन्छ, हातमा औंठी, सिक्रि जस्ता वस्तु नलगाउनाले आफ्नै सुरक्षामा महत्वपूर्ण भुमिका खेल्दछ ।

प्राविधिक शिक्षालयमा यदाकदा यी कुरालाई नियमको रूपमा लागू गर्न खोज्दा प्रशिक्षार्थीले नै उलंघन गर्ने गरेको पाइएको छ । यस भन्दा ठूलो मुर्खता के हुन सक्छ ? हामीलाई चोटपटक लागेमा वा मृत्यु हुन गएमा परिवारलाई ठूलो असर पर्दछ । अझ प्राविधिक व्यक्तिलाई यस्तो घटना घटेमा त समाज र राष्ट्रलाई नै असर गर्दछ ।

त्यसकारण तालिम अवधिमा प्रशिक्षकले भनेको कुरालाई ध्यानपूर्वक सुन्ने र व्यवहारमा लागू गर्नुपर्दछ । OJT मा जांदा त्यहांको दक्ष प्राविधिक वा सुपरभाईजरको निर्देशन वा निगरानी बिना कुनै काम गर्नु हुंदैन । काम गर्ने स्थानमा पुगेपछि सबैभन्दा पहिले त्यहां के कुराको जोखिम छ, बिजुलीको नाङगो तार छ या छैन, आगो छिटो टिप्ने वस्तु जस्तै पेट्रोल, डिजेल, मट्टितेल आदि छ या छैन ? भुकम्प गएमा सुरक्षित स्थान कता छ ? काम गर्दै जांदा माथिबाट खस्ने वस्तु छ कि छैन जस्ता यावत कुराको लेखाजोखा गर्नु पर्दछ। यी कुरा सामान्य जस्ता लाग्न सक्दछन् तर यस्तै कुराले ठूला दुर्घटना निम्त्याएका उदाहरणबाट हामी अनभिज्ञ पक्कै पनि छैनौं ।

अन्तमा सानो ठिमी प्राविधिक शिक्षालयका प्रशिक्षार्थीहरू काम गर्ने स्थलमा व्यक्तिगत र कार्यस्थल सुरक्षा सम्बन्धी सक्षम र अनुभवी बनुन् भन्ने कामना सहित उनीहरू प्रति नै यो आलेख समर्पित छ ।

**सुवास सुवेदी**
कार्यकारी निर्देशक

# रुपान्तरण

वर्ष ३ (फाल्गुन) अंक ५

**सल्लाहकार**
रामकृष्ण निराला
डा.तुलसी प्रसाद भट्टराई
लोकेश राज दली
सुवास सुवेदी

**सम्पादक**
चन्द्र कुमार ढुंगाना

**विशेष सहयोगी**
राजिद सैंजू
शिव बालक चौधरी

**कार्य मण्डल**
दिपेन्द्र न्यौपाने
पुरुषोत्तम मुनाकर्मी
राम सुन्दर सुवाल
सन्जु बज्राचार्य
सोनी तण्डुकार
सर्मिला श्रेष्ठ
संगम चालिसे
राजन बस्नेत
हिरामणी हुमागाई

**प्रकाशक**
सानो ठिमी प्राविधिक शिक्षालय
सानोठिमी भक्तपुर

## सम्पादकीय

रुपान्तरण, रुपान्तरण, रुपान्तरण हो यसरी नै रुपान्तरणले आफ्नो तीन अंक सम्मको सिढिं पार गरिसकेको छ र सफलताको चौथो जंघार तर्ने क्रममा छ। चौथो अंकको सम्पादकीय लेख्न पाँउदा सारै भाव विभोर भएको छु। हर्षको आँसु टल्पलीएका छन् रुपान्तरणको सफलताको खुसियालीमा।

व्यक्तित्व विकासका लागी शारीरिक र बौद्धिक दुबै पक्ष सबल हुन जरुरी छ। शारीरिक सबलताका लागि विभिन्न व्यायामहरुको आवश्यकता पर्दछ। जसले सुगठीत सरीर फुर्तिलोपन र निरोगी बनाउँछ भने बौद्धिक सफलताका लागि पनि मानसिक व्यायामको आवश्यकता पर्दछ। जसको निरन्तर अभ्यासले विचार, सोच, दृढतालाई र आत्मविश्वासलाई प्रज्वलीत गर्दछ। जसको फलस्वरुप व्यक्तिको सृजनशिलता तथा लुकेको प्रतिभाहरुलाई प्रस्फुटन गराउँदछ। यहि बौद्धिक व्यायाम गर्ने खुला मैदान बनेको छ रुपान्तरण, जसको सुचकका रुपमा यस अंकमा समेटिएका लेख रचनाहरुलाई लिन सकिन्छ। यसका साथै सानो ठिमी प्राविधिक शिक्षालयको सम्पूर्ण गतिविधीहरुको एक झलकको रुपमा पनि देखिएको छ रुपान्तरण।

शिक्षालयबाट प्राप्त हुने असल शिक्षा र मार्ग दर्शनले प्रशिक्षार्थीको लक्षित भविष्यलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउने भएकोले शिक्षालयलाई ज्ञानरुपी तत्व ग्रहण गर्ने प्रारम्भिक थलो मानिन्छ। प्रशिक्षार्थीमा अन्तर्निहीत ज्ञान र सीप प्रस्फुटनका लागी शिक्षालयले नै महत्वपूर्ण भूमिका निर्वाह गरीरहेको हुन्छ। यसकारण कुनै पनि व्यक्तिको सार्थक जीवन निर्माणका लागी चाहिने सार तत्व शिक्षालयबाट प्रदान गरीने शिक्षा एवं ज्ञानबाट मात्रै सम्भव छ। अहिलेको एक्काइसौं सताब्दीमा व्यक्ति, परिवार, समाज र राष्ट्रमा आई पर्ने जस्तो सुकै चुनौतिको सामना गर्न सकृय योगदान पुऱ्याउन सक्ने नागरीक तयार पार्ने काम प्राविधिक शिक्षाका माध्यमबाट मात्रै सम्भव देखिन्छ। सकारात्मक सोच भएका स्वरोजगार उन्मुख ईमान्दार तथा सत् चरीत्र भएका जन समुदाय मुलुकभर उभ्याउन प्राविधिक शिक्षाको सबल र भरपर्दो जग आवश्यक देखिन्छ। समयको परिवर्तन र विकास संगै नविनतम ज्ञान, सिप र प्रविधिको तिब्र विकास भइरहेको अवस्थामा व्यक्तिलाई प्रदान गरिने सिप र ज्ञानमा पनि समय अनुकुल परिष्कृत र परिमार्जीत गरीनु पर्दछ। अनि मात्र हामी सबैले अपेक्षा गरे अनुसारको युग सुहाँउदो सक्षम र प्रतिस्पर्धी जनशक्ति तयार हुन सक्छ। युवा पुस्ता देशका कर्णधार हुन् जसले भोलिको देश हाँक्न सक्ने क्षमता राख्नु पर्छ भने सत्यतालाई आत्मसात गर्दै विगत ३० वर्ष देखि यस शिक्षालयले विभिन्न विषयका प्राविधिक शिक्षाका माध्यमबाट प्रत्यक्ष वा परोक्ष रुपमा आवश्यक दक्ष जनशक्ति उत्पादन गरि समाज तथा देश विकासमा केहि हैंसे प्रदान गरेको छ र यो क्रमलाई निरन्तरता प्रदान गरी नै रहने छ। शिक्षालयको यी विभिन्न क्रियाकलाप तथा उद्देश्यहरुलाई अंगिकार गर्ने क्रममा रुपान्तरणको प्रकाशन पछि अझ बढि बल पुगेको छ भन्ने कुरामा म विस्वस्थ छु।

अन्तमा, यस रुपान्तरणलाई यहाँसम्मको यात्रा तय गर्न मार्ग निर्देशन र सहयोग गर्नु हुने अग्रज महानुभावहरुलाई आगामी दिनहरुमा पनि अगाध प्रेमका साथ निरन्तरताको अपेक्षा सहित कृतज्ञता व्यक्त गर्न चाहन्छु। त्यस्तै रुपान्तरणलाई अझै रुपवान बनाउनका लागि आफ्ना लेख, रचनाहरु उपलब्ध गराई दिनु भएकोमा सम्पूर्ण व्यक्तित्वहरु जसले आफ्नो व्यस्तताका बावजुद आफ्ना रचनाहरु रुपान्तरण मार्फत प्रकाशनमा ल्याई नव प्रशिक्षार्थीहरुलाई आफ्नो लक्ष्य प्राप्तिका लागि अझ दृढ र अदम्य प्रयास गर्ने प्रेरणा प्रदान गरी सहयोग गर्नु भएकोमा सहृदय धन्यवाद दिन चाहन्छु। त्यस्तै यस रुपान्तरणलाई विज्ञापन उपलब्ध गराइ प्रकाशनका लागि सहयोगी हात अगाडी बढाउनु भएकोमा कृतज्ञताका साथ आगामी अंकमा पनि सहयोगको अपेक्षा राख्दछु। रुपान्तरण प्रकाशनका क्रममा कुनै कमजोरी, त्रुटिहरु देखिन गएमा आगामी अंकहरुमा सकेसम्म त्रुटि रहित बनाउन प्रयत्नरत रहने छु। रुपान्तरणलाई अझ प्रभावकारी ज्ञानमूलक, उपयोगी र सफल बनाउनको लागि सुझाव सल्लाहको अपेक्षाका साथ प्राप्त सुझाव सल्लाहलाइ हृदयांगम गरी आगामी अंकमा अघि बढने प्रतिवद्धता व्यक्त गर्दछु।

# आत्मनिर्भरताका लागि व्यावसायिक तालिम

आत्म + निर्भरता दुई शब्द मिली आत्मनिर्भरता बनेको छ। जस्मा आत्मको अर्थ स्वयम आफु र निर्भरताको अर्थ भर पर्नु भन्ने बुझिन्छ आत्मनिर्भरताको तात्पर्यता नै आफु आफैमा बाच्नु र अरु कसैको भरमा नपर्नु भन्ने बुझिन्छ। आजको यस २१ औं शताब्दीमा आत्मनिर्भरताका निम्ति व्यावसायिक तालिमको अहम् भूमिका रहेको छ। यस्को अभावमा मानिस कुईरोमा रुमलिएको काग जस्तै र पखेटा बिहीन चरी बन्न पुग्दछ। जसरी मानिस आफु र समाजमा प्रतिष्ठित बन्न आपनो व्यक्तित्व कायम राख्न यस्को धेरै महत्व रहेको छ। तालिमको अभावमा मानिसहरु एउटा अन्धकारपूर्ण जीवनयापन हुन्छ।

जस्तै उदाहरणबाट हामी बुझ्न सक्छौकि जहाँ हुन्छ सीप त्यहाँ हुँदो रहेछ काम, जहाँ हुन्छ काम त्यहाँ हुँदो रहेछ दाम, आजकल संसारलाई चिनाउने, चलाउने र विकसित मार्ग दर्शनमा डोऱ्याउनका लागि यस्को अहम् भूमिका रहन्छ। हाम्रो देश नेपालको वर्तमान शिक्षाको परिप्रेक्षलाई हेर्दा शिक्षा प्रणाली सैद्धान्तिक छ तर व्यावहारिक नभएको हामी पाउछौं।

त्यसैले त हाम्रो देशमा लाखौ युवाहरु बेरोजगार छन् यसलाई न्यूनीकरण गर्न रै देशलाई विकसित आत्मनिर्भर र समृद्ध मुलुकका रुपमा स्थापित गर्न यस्ता खालका व्याबसायिक तालिमको भुमिका रहेको छ। जस्तै उदाहरणका निम्ति पनि छिमेकी राष्ट्र चीनबाट हामी शिक्षा लिन सक्छौं। त्यहाँका शिक्षा प्रणालीमा फरक छ। त्यहाँको शिक्षा प्रणाली व्यावहारिक छ र सबै रोजगारमुलूक सीप सिक्छन् र आत्मनिर्भर बन्छन्।

आफु आफैमा बाँच्छन्। आफ्नो जीवनलाई मात्र उकासेको छैनकि त्यहाँका राष्ट्रवासीहरु बेरोजगार पनि छैनन्। आजको विकसित राष्ट्रहरु मध्येमा आफुलाई पनि चिनाउन सफल भएका छन्। यस्तै यस्तै उदाहरणहरुको अनुसरण गरेर हाम्रो राष्ट्रलाई पनि विकसित राष्ट्रमा चिनाउने व्यावसायिक तालिमको ठुलो भूमिका रहेको छ।

वास्तवमा भन्नुपर्दा आजकाल बिश्वमा नै रोजगारीका सख्याहरुलाई बेरोजगारीका सख्याहरुले दिन दुई गुणा र रात चौगुणाका दरले फड्को मारिरहेको हामी पाउँछौं। बिश्वमा नै तीव्र रुपले बेरोजगारी बढ्दै गएको छ। विकसित मुलुकहरुले समेत आफ्नो शिक्षा प्रणालीमा यस्ता खाले शिक्षामा बढी जोड दिनु साथै आफ्नो देशको शिक्षा प्रणालीमा समेत सामेल गराएका छन्। बिश्वमा बेरोजगार तीव्र हुदै गर्दा बेरोजगारी दरलाई न्यूनीकरणको निम्ति संयुक्त राष्ट्र संघको समेत ध्यान केन्द्रित भएको हामी पाउँछौ।

जस्तै आज भन्दा तिन दशक अघि मात्र हाम्रै देश नेपालबाट खाद्यान्न लगेर आफ्नो देशको जिविकोपार्जन गर्ने दक्षिण कोरियाली राष्ट्र आज आएर उस्ले आफनो जीवन स्तरमा सुधार ल्याउनुका साथै आफ्नो राष्ट्रलाई माथि उकासेको हामी पाउँछौ। हाम्रो देश नेपाल यस्ता यस्ता सीप र तालिमको अभावका कारण र देशको शिक्षा प्रणालीमा कमजोरीका कारण अविकसित हुनुका साथै लाखौ युवाहरु बेरोजगार भएर विदेशिएको अवस्था छ। यो सबै यस्तै आत्मनिर्भरताको अभाव र व्यावसायिक तालिमबाट बञ्चित रहेर आत्मनिर्भर बन्न नपाएर नै देश सङ्कट ग्रस्त भएको जस्तो मलाई लाग्छ।



विश्वमा सबै भन्दा शक्तिशाली, सम्पन्नशाली, विकसित राष्ट्रहरुमध्ये सर्वोत्कृष्ट स्थानमा रहेका अमेरिका समेत पहिले पहिले थुप्रै औद्योगिक क्रान्ति मच्चिएको अवस्था थियो र यस्तै यस्तै तालिम र शिक्षाले उनीहरुलाई आत्मनिर्भर बनाएर केही गर्नुपर्छ भन्ने सोचहरु अपनाएर ठुला ठुला औद्योगिक धन्दाहरु खोलेर देशमा आम परिवर्तन ल्याएका थिए। त्यसैले आज विश्वका सामु उदाहरणीय रुप बनेको छ। यस्तै उदाहरणहरुको अनुसरण गरेर व्यावसायिक तालिमहरुको स्थापना गरेर व्यापकरुपमा सम्पूर्ण नेपालीलाई आत्मनिर्भर बनाउनु पर्छ। युसेप नेपाल जस्ता केन्द्रहरु नेपालको ७५ वटै जिल्लामा जन्माउनु पर्छ। नेपालका विकट क्षेत्रहरु जस्तै कर्णाली अंचल दार्चुला, बाजुरा आदि समेतका लाखौ युवाहरुलाई आत्मनिर्भरताका लागि व्यावसायीक तालिम दिएर हाम्रो देश नेपालले पनि अमेरिका, चिन, दक्षिण कोरियाले जस्तै आमुल परिवर्तन ल्याउन सक्छ भन्नेमा म पूर्ण विस्वस्त छु। र साच्चैनै व्यावसायिक तालिम आत्मनिर्भर बन्न र देशलाई उन्नतिको बाटो तर्फ डोऱ्याउन जसरी श्वास प्रणालीमा मुटुको आवश्यकता रहन्छ त्यसरी नै मानव जिवनमा व्यावसायिक तालिमको भूमिका रहेको छ।

साँच्चै नै भन्ने हो भने आत्मनिर्भरताका लागि व्यावसायिक तालिम नलिएका मानिसहरु एउटा अपाङ्ग जस्तै हुन् भने हुन्छ। यस्ता जसरी माछीलाई जीवनयापनको निमित्त पानीको आवश्यकता रहन्छ। त्यसरी नै आफ्नो व्यक्तित्व, समाज र आफू जन्मेको राष्ट्रलाई विकसित रुप दिन व्यावसायिक तालिमको धेरै महत्व रहेको छ। व्यावसायिक तालिम एउटा आधारभूत आवश्यकता जस्तै गाँस, बास र कपास जुटाउने सबैभन्दा प्रमुख माध्यम हो। जसरी एउटा छ महिनाको बालक हिड्न गाह्रो हुन्छ तब उस्मा परि पक्वता आइसकेको हुदैन तब उ अगाडि बढ्न सक्दैन त्यसरी नै जब व्यावसायिक तालिम बिना व्यक्ति आत्मनिर्भर बन्न सक्दैन। व्यवसायिक तालिमको महत्वलाई वेलैमा बुझेर देशको आवश्यकता अनुसार प्राविधिक जनशक्ति निर्माण गर्न सक्यौ भने हाम्रो जस्तो प्रकृतिले बरदान दिएको देशमा थुप्रै थुप्रै अवसरको श्रृजना गर्न सक्छौ। हाम्रो देशमा प्रविधि युक्त जनशक्तिको निकै आवश्यकता छ। यसैका लागि व्यवसायिक तालिम एक मात्र विकल्प हुन सक्छ भन्ने मलाई लाग्दछ। त्यही भएर नै व्यावसायिक तालिमको आवश्यकतालाई बुझेर तालिम दिने संस्थाहरुलाई व्यवस्थित र अझ बढि सुधार गर्दैजानुपर्ने आजको आवश्यकता पनि हो।

– मन्दिरा भण्डारी

प्रशिक्षार्थी, हाउस वायरिङ्ग ट्रेड

**नेपाल जनरल मार्केटिङ्ग प्रा.लि. विगत लामो समयदेखि युसेप नेपालको सहयात्रीको रुपमा साथदिदैं आएका संस्थाहरु मध्येमा एक हो । युसेप नेपाल र नेपाल जनरल मार्केटिङ्ग प्रा.लि.को सम्बन्धका बारेमा त्यस संस्थाका वारेन्टि मेनेजर श्री विनोद थापासंग गरिएको कुराकानीका केही अंशहरु :**

**नेपालमा यहाँको कम्पनीले अटोमोबाईल क्षेत्रमा गरेको कार्य बारे केही भनी दिनुहुन्छ कि ?**

श्री स्याकार कम्पनी टुक्रा भै हिरो मोटरसाईकल मात्र कारोबार गर्न नेपालका लागि सोल डिष्टिव्युटर को रुपमा गत २ वर्षदेखि नेपाल जनरल मार्केटिङ्ग प्रा.लि. को उत्पत्ति भएको हो। नेपाल जनरल मार्केटिङ्ग प्रा.लि. अटोमोवाईल क्षेत्रमा भण्डै ४ दशकदेखि अनुभव प्राप्त भएको कम्पनी र लामो अवधिदेखि काम गरेका कर्मचारीहरुबाटै संचालित कम्पनी हो। यसको शाखा डिलर हरु जम्मा ६८ वटा स्थापित छन्। सेल्स पछिको सर्भिस नेटवर्क पनि अन्य कम्पनीभन्दा सक्षम रुपमा संचालन भै रहेको छ ।



यसअघि स्याकार कम्पनी लिमिटेडको नामले प्रसिद्ध पाएको थियो। यसैबाट फुटेर बनेको यस कम्पनी नयाँ नाम सुनेको भएता पनि पुरानै अनुभव र कर्मचारीबाट संचालित कम्पनी हो ।

**व्यावसायिक तालिममा युसेप नेपालको योगदान बारे तपाईको दृष्टिकोण जान्न पाऊँ ?**

मैले मेरो कम्पनीमा विगत १७ वर्षदेखि कार्यरत भै रहेको अवस्थामा युसेप नेपालबारे थाहा पाएको करिव १० वर्ष जति भयो । यसै सन्दर्भमा यस कम्पनीको वर्कशपहरुमा मोटरसाईकल सम्बन्धी टेक्निसियनहरु भर्ना गर्ने क्रममा वा अन द जब तालिम गर्ने क्रममा केही नजिकबाट परिचित छु । साथै त्यस संस्थाका कर्मचारीसंग पनि नजिकको सम्बन्ध रहिआएको छ भन्दा अत्युक्ति नहोला । संस्थाका बारेमा भन्नुपर्दा मोटर साईकल मेकानिक तालिम सम्बन्धी प्रशिक्षार्थीहरु विगत करिव ७/ ८ वर्षदेखि भर्ना गर्ने क्रम सुरु भएको थियो। यस संस्थाभित्र ३० देखि ४० जनाले हालसम्म रोजगार गरिरहेको छन् । उनीहरुको लगनशीलता, अनुशासन, काम गर्ने क्षमताहरुको बारेमा मैले नजिकबाट हेरेको हुँदा त्यहाँबाट उत्पादित प्रशिक्षार्थीहरु हाम्रो कम्पनीको Choice मा पर्दछ। यो कुराहरुले गर्दा मैले अझै पनि केही टेक्निसियनहरु यसै संस्थाबाट लिने तयारी पनि भैरहेको पनि यहाँलाई जानकारी गराउन चाहन्छु। युसेप नेपालको तालिम र त्यहाँ देखेको भौतिक संरचना, आधुनिक कक्षाहरुको अवस्थाले गर्दा तालिम प्रदान गर्ने संस्थाहरुमध्ये उत्कृष्ट नै छ भन्ने मैले महसुस गरेको छु। युसेप नेपालले देशभित्र रहेको बेरोजगार युवाहरुलाई सीपमूलक तालिम दिई रोजगारको व्यवस्था समेत गरिदिने भएकोले मेरो तर्फबाट धन्यवाद पनि दिन चाहन्छु।

**एउटा राम्रो मोटर साईकल मेकानिकका के कस्तो गुण हुनुपर्छ जस्तो लाग्छ ?**

सर्वप्रथम, मैले अंगालेको सिप राम्रो छ, यसै सिपले मेरो घर व्यवहार गर्छु भन्ने आत्मविश्वास हुनु पहिलो जरुरी छ। त्यसपछि म केही सिक्छु गरेर देखाउँछु भन्ने टेक्निसियनले खोजी गर्ने सो बारे रुचि राख्नुपर्छ। काम गर्दा सिरि यस भएर ध्यानपूर्वक गर्ने, धैर्यता हुनुपर्छ। अनुशासित व्यवहार गर्नु, बोली चालीको भाषा नम्र हुनु सहनसील व्यवहार, नरिसाउने, सर सफाईमा ध्यान दिनु र ग्राहकवर्गमा शिष्टाचार बचन गर्नु जस्ता कुराले मो.सा. मेकानिकका राम्रो पक्ष मानिन्छ ।

**हामीले प्रदान गर्ने तालिममा सुधार गर्नुपर्ने पक्ष बारे केही भनिदिनु हुन्छ ?**

त्यस सस्थांमा तालिममा सुधार गर्नुपर्ने पक्ष मध्ये मेरो अनुभवमा अझबढी प्रयोगात्मक पक्षमा समय बढाउनु पर्ने देखिन्छ। र मोटर साइकल ईन्जिन र ईलेक्ट्रिकल सम्बन्धी थप जानकारी दिनुपर्ने देखिन्छ ।

**तपाईंको विचारमा रोजगार क्षेत्रमा देखा परेका समस्याहरु के के छन् होला ?**

हाल रोजगार क्षेत्रमा नेपालमा पनि रोजगारको अवस्था सृजना भैरहेको म देख्छु । यस्तो अवस्थामा पनि कम्पनीहरुले भनौ वा प्राइभेट सेक्टरहरुले खुलेर रोजगारी दिन वा रोजगार बढाउन समस्याहरु विद्यमान छन् । कारण के हो भने रोजगारी दिई सकेपछि कर्मचारीहरुले अनावश्यक कम्पनीले धान्न सक्ने भन्दा बढी मागहरु राख्ने र अनुशासनहीन काम गर्दा पनि हत्तपत्त कारवाही गरिहाल्न नमिल्ने र बदमासी गर्नेहरुलाई राजनैतिक संरक्षण हुनु जस्ता कारणले गर्दा रोजगारको क्षेत्र फस्टाउन नसक्नु र रोजगार दिने संस्था र रोजगार विच हुनुपर्ने स्पष्ट नियम कानुनको व्यवस्था नहुनुले पनि समस्या उत्पन्न भएको भन्ने जस्ता मेरो व्यक्तिगत अनुभव छ। नेपालमै पर्याप्त रोजगार सृजना गर्न सक्ने सम्भावना रहेता पनि सरकारी उदासीनताका कारण वेरोजगार बढेको देखिन्छ। अरुनै देशमा रोजगार सृजना गर्न सकेमा शिक्षित वर्गहरुको विदेश पलायन रोक्न सकिन्छ भन्ने लाग्दछ ।

अन्तमा, मलाई केही आफ्नो विचार राख्ने अवसर दिनु भएकोमा युसेप नेपालप्रति आभार प्रकट गर्दछु ।

# “व्यावसायिक शिक्षा र पूर्व सडक वालवालिका”

– तिलक राम घिमिरे



विश्वको अति कम विकसित राष्ट्रहरुको सुचीमा पर्ने हाम्रो देशमा करिव ५० लाख जनसंख्या निरपेक्ष गरिवीको रेखामुनि बाँच्न विवश छन् । दुर-दराजका जनसंख्याको ठूलो हिस्सा शिक्षाको पहुँच सम्म पुग्न सकेका छैनन् । यदि पुगिहालेकाको पनि हाम्रो शैक्षिक प्रणाली अति परम्परागत र घोकन्ते शैलीको छ । जसवाट उत्पादन हुने जे जति जनसंख्या छन् कि त उनीहरु पढाई सकिने वित्तिकै वा विचमै छाडेर खाडी लगायतका मुलुकमा अत्यन्तै तल्लो स्तरको काम गर्न जान बाध्य छन् या त वेरोजगारको समस्यावाट ग्रसित छन् । प्राविधिक शिक्षाको अभावका कारण बर्षेनी उत्पादन हुने शैक्षिक जनशक्तिले शैक्षिक वेरोजगारीलाई बढाइरहेको छ । जसको कारण सयौं युवा-युवती जीवन देखि निरुत्साहित भएर कतिपय कुलतमा फसेका छन् । विभिन्न ध्वङ्सात्मक गतिविधिमा संलग्न रहनाका साथै आत्महत्या दर पनि वढिरहेको कुरा विभिन्न सोध अनुसन्धानले प्रमाणित गरिरहेको छ ।

अतः व्यावसायिक शिक्षा नेपालको अपरिहार्य आवश्यकता हो । नेपालमा पनि धेरै संस्थाहरुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम उपलब्ध गराउछन् तर ती अधिकांश बजार क्षेत्रमा मात्र सीमित रहेको छन् । जसमध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका आंगिक संस्थाहरु, उक्त निकायबाट संबन्धन प्राप्त गरेका विभिन्न निजि तथा सामुदायिक संस्थाहरु, उक्त निकायबाट संबन्धन प्राप्त गरेका विभिन्न निजी तथा सामुदायिक संस्थाहरु, विभिन्न विश्व विद्यालयहरुका प्राविधिक संस्थाहरु, विभिन्न मन्त्रालयहरुसंग सम्बन्धित सरकारी निकायहरु तथा गैरसरकारी संस्थाहरुको सहयोगमा चलेका संस्थाहरुबाट समेत प्राविधिक शिक्षा तथा व्यावसायिक तथा प्राविधिक तालिमका कार्यक्रमहरु संचालन गर्दै आएका छन् । प्राविधिक शिक्षाको सन्दर्भमा दश कक्षा पूरा गरेका विद्यार्थीहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदद्वारा प्रमाणित २९ महिने प्राविधिक प्रवेशिका (TSLC) र प्रवेशिका उत्तीर्ण गरेकाको हकमा १५ महिने प्राविधिक प्रवेशिका कार्यक्रममा भर्ना हुन योग्य ठानिन्छन् । उच्च प्राविधिक तालिम भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका रुपमा ३ वर्षे डिप्लोमा वा प्रमाण पत्र तह संचालन गर्ने संस्थाहरुले दिने गर्दछन् । तर साधारण अक्षरहरु मात्र चिनेकाहरुका लागि पनि अचेल विभिन्न संस्थाहरुले छोटो अवधिको सीपमुलक तालिम प्रदान गर्ने गरेको पाइन्छ । दाताहरुको सहयोगमा धेरै प्राविधिक सीप एवं शिक्षासंग सम्बन्धित परियोजनाहरु संचालित छन् जसबाट छोटो अवधिको तालिमका अवसरहरु बढाउन योगदान दिएका छन् ।

शिक्षा, उद्योग, श्रम तथा यातायात एवं कृषि तथा सहकारी जस्ता नेपाल सरकारका केही मन्त्रालयहरुले पनि फरक-फरक समयावधिको छोटा-छोटा तालिम कार्यक्रमहरुका लागि आर्थिक सहायता प्रदान गर्दछन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अर्न्तगतको राष्ट्रिय सीप परीक्षण समितिले अनौपचारिक तालिमबाट वा औपचारिक माध्यमबाट प्राप्त गरेका सीपको परिक्षण गरी स्तर निर्धारण गर्ने कार्य गर्दछन् ।

नेपालमा सीप तालिमका विद्यमान अवसरहरु निकै कम छन् किनभने प्रत्येक वर्ष ३ लाख भन्दा बढी व्यक्तिहरु विदेशी श्रम बजारमा प्रवेश गर्छन् भने अल्पकालिन र दीर्घकालिन व्यावसायिक तालिमको अनुमानित क्षमता प्रति वर्ष लगभग ८५ हजार छ भन्नु पर्दा तालिमको अवसर केही निश्चित क्षेत्रहरुमा मात्र सिमित छ । आर्थिक रुपले विपन्न, सुकुम्वासी, पिछडिएको र पछाडि पारिएको क्षेत्रहरुमा तालिमको पहुँच अझै पुग्न सकेको छैन । पेसागत सीप स्तरमापन गर्न राष्ट्रिय सीप परीक्षण समितिले सीप परिक्षण गर्दछ । यस कार्यमा कुन पेशा र तहका लागि कस्तो व्यक्तिमा कस्तो क्षमता देखिनु पर्ने हो, सो पक्षलाई ख्याल गरी सैद्धान्तिक तथा प्रयोगात्मक परिक्षण पद्धति अपनाइएको हुन्छ । सीप परीक्षणका पनि चुनौतिहरु धेरै छन् । पहिलो तालिम दिने निकाय र कार्यान्वयन गर्ने निकायहरुले सीप परीक्षणका आचार संहिता पालना गरे नगरेको सुनिश्चितता, दोस्रो गुणस्तरिय सीप परीक्षणको बढ्दो मागलाई कसरी पुरा गर्ने चुनौती, तेस्रो अनौपचारिक माध्यमबाट आर्जित सीपको परिक्षा दिन चाहने परिक्षार्थी र औपचारिक तालिम लिइसकेका व्यक्तिहरुको बढ्दो संख्यालाई धान्ने गरी सीप परिक्षणको क्षमतालाई बढाउनुपर्ने आवश्यक हुन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदलाई पूर्ण रुपमा संचालन गर्न सके नेपालको भविष्य निर्धारण गर्न सक्ने र वर्तमान अवस्थामा देशको धुरी खम्बा काँधमा बोक्ने ती जोसिला युवा शक्ति करिब दैनिक १५०० को संख्यामा अरबको गर्मीमा जाँदैनथे होला । आजको परिप्रेक्ष्यमा नेपालका हरेक ग्रामीण भेगका वस्तीहरु युवा विहीन जस्तै भइसकेका छन् । अधिकांश घरमा बृद्ध आमाबुवा र साना-साना बालबालिका मात्र भेटिन्छन् । वैज्ञानिक तवरबाट खेती गर्ने सीपको अभावमा हाम्रो करेसावारी र खेत बाँझै बस्न थालेको छ । गाऊँमा सारो गाह्रो पर्दा काँध थाप्ने युवा सबै विदेशिएका छन् । जसले गर्दा केही रेमिट्यान्स त पक्कै भित्रिएला तर आफ्नो घरको दुर्दशा छाडेर अरुको घरमा दासी जीवन बिताउन विवश छन् । हाम्रा युवा जमानहरु किनकि देशमा रोजगारको सम्भावना र अवसरहरु निकै कम छन् । प्राविधिक सीपको अभावमा रहे भएका उद्योग कलकारखानामा समेत रोजगारी नपाइने भएकाले यो अवस्था सिर्जना भएको हो । प्राविधिक सीप नभइकन जो कोहीलाई पनि अब जिवन निर्वाह गर्न गाह्रो भइसकेको अवस्थामा त झनै पूर्व सडक बालबालिकाहरुका निम्ति त यसको महत्व अझ बढी हुन सक्छ । घर परिवारमा समस्या भएर वा उपयुक्त वातावरण नपाएकाले बालबालिकाहरुले आफ्नो घर छोडी अन्तिम विकल्पको रुपमा सडक जीवनलाई अँगाल्न बाध्य हुन्छन् । सडकमा जीवन विताउँदा उनीहरुले अनेक प्रकारका दुर्व्यवहार, लाल्छना, आरोप-प्रत्यारोप, गालिगलौज तथा यातना जस्ता अमानवीय व्यवहारहरु खेप्नु पर्ने बाध्यताले गर्दा समाजबाट उनीहरु झन्-झनै टाढा हुन्छन् । समाजका त्यस्ता अमानवीय

व्यवहार सहँदा-सहँदा स्वभावैले उनीहरु बढी नै भावुक, बढी नै चिन्तित, रिसाहा एवं आक्रमक स्वभावका हुन्छन् किनकि समाजले जस्तो पाठ सिकायो ती अबोध बालबालिकाहरुले त्यही नै सिक्न सक्छन्। सडकमा बस्दा अधिकांश बालबालिकाहरु विभिन्न किसिमका शोषण र दुर्व्यवहारका सिकार भएकाले उनीहरु पनि पछि गएर त्यही नै सिकेर गर्न सक्छन् । लामो समय सडकको आरोह-अवरोह एवं घामपानी खेप्दा-खेप्दै विस्तारै उनीहरु कुलतमा लाग्छन् र लगाइन्छ पनि । कसैको केही सामान हरायो वा चोरी भयो भने पहिलो दोष ती निर्दोष बालबालिकाहरुलाई लाग्ने गर्दछ ।

विभिन्न राजनैतिक दलको बन्द, हड्ताल तथा ढुङ्गामुढा गर्नु पर्दा वा लागु औषधको कारोवारले ती बालबालिकाहरुको प्रयोग गरिरहेका हुन्छन् साथै कयौं विदेशीले ती बालबालिकाहरुलाई सजिलै लोभ्याएर यौन दुराचारको शिकार बनाईरहेका हुन्छन्। यहाँ बुझ्नुपर्ने कुरा के छ भने सडकमा जीवन व्यतीत गर्ने बालबालिकाहरु यही हाम्रै समाजका सदस्यहरु हुन् । उनीहरु कुनै अलग्गै ध्रुववाट आएका हैनन् । राज्यको कमजोर नीति एवं जिम्मेवारी साथै पारिवारिक सम्बन्ध राम्रो एवं उपयुक्त घरायसी वातावरण नपाएकोले बालबालिकाहरु अन्तिम विकल्पको खोजीमा सडकमा नै बसेर त्यसैलाई आफ्नो संसार ठानी जीवन बिताउन विवश हुन्छन् । किनभने चाहेर पनि उनीहरु यस समाजमा एक्लैको प्रयासबाट पुनर्स्थापित हुन गाह्रो हुन्छ। काम गरेर जीवन चलाउछु भन्दा काम कसैले दिदैनन् । कोठाभाँडा दिन कुनै घरधनी राजी हुँदैनन् । एकातिर समाजले लगाउने लाल्छना त छँदैछ अर्कातिर प्रहरी प्रशासन एवं सुरक्षा निकायहरुबाट सहयोगको सट्टा उनीहरु झन् अनेकन समस्याहरु झेल्न पुगेका उदाहरणहरु प्रशस्त देख्न र सुन्न आइरहेका छन् । घर छोडेर हिडेको लामो भइसकेको हुनाले गाऊँमा जे जति पढेका थिए त्यो विस्तारै बिर्सिंदै गइसकेका हुन्छन् र उमेर पनि उपयुक्त नमिल्ने कारण पुन: अध्ययन गर्न गाह्रो हुने भएकोले चाहेर पनि पढ्न सक्दैनन्। जसले गर्दा जीवनको योजना बनाएर कार्यान्वयन गर्न उनीहरुलाई अप्ठ्यारो हुन्छ। यस्तो भयावह, डरलाग्दो समस्याहरुलाई समाधान गराउने काममा भ्वाइस अफ चिल्ड्रेन, सीपिसियस, सांग्रिला होम, एपिसी, बाल हितकारी परि योजना, बाल बातावरण केन्द्र, सिविन जस्ता गैर सरकारी संस्थाहरुले निर्वाह गरेको भूमिका सह्रानीय देखिन्छ ।

उमेर पुगेका र पढ्न नसक्ने उमेरका त्यस्ता सडकमा बस्ने युवाहरुलाई सुधार केन्द्रमा राखेर सामाजिकीकरण पश्चात व्यवसायिक सीप प्रदान गराई रोजगारमा पहुँच बनाइदिई रोजगारी हुन मद्दत गर्ने, रोजगार पश्चात कमाएको पैसा बचत गराई आफ्नै उद्यमशीलता विकास गराउन अभिप्रेरित गर्न र आफूले सिकेका सीपलाई भजाएर अन्य मानिस सरह सम्मानित जीवन जीउनका निमित्त भ्वाइस अफ चिल्ड्रेन संस्थाले विगत १४ वर्षदेखि त्यस्ता बालबालिकाहरुका लागि विभिन्न आयमूलक व्यावसायिक शिक्षा एवं तालिमको व्यवस्था गरेर त्यस्ता वर्गका लागि समुदायमा पुनर्स्थापना हुन सहयोगको काम गर्दै आईरहेको छ । जसले गर्दा उनीहरुलाई समुदायमा घुलमिल हुन एवं अन्य मानिस सरह जीवन व्यतीत गराउनका लागि खेलेको भूमिकाले पनि यस समस्यालाई केही मात्रमा भए पनि समाधान गर्ने प्रयास गरिरहेको छ ।

अत: सबैलाई व्यावसायिक शिक्षा आजका दिनमा एक अपरिहार्य आवश्यकता भएको कुरामा कुनै मत विभाजन नभएको अवस्था छ। झन् पूर्व सडक बालबालिकाहरुका लागि त अझ बढी महत्व हुने कुरा माथिको दृष्टान्तबाट समेत छर्लङ्ग देखिन्छ ।

*(लेखक भ्वाइस अफ चिल्ड्रेन सस्थामा आर्थिक विकास परियोजना अधिकृत पदमा कार्यरत हुनुहुन्छ)*

## खुशीले मलाई पछ्यायो

आफूमा सीप छ र परिश्रम गर्न सकिन्छ भने खुसीले नै आफूलाई खोज्दै आउँदो रहेछ। काठमाडौंको उत्तर पूर्वी भेगको खुलाटार भन्ने गाँउमा २०४७ सालमा मेरो जन्म भएको थियो । घर परिवारका सदस्यले मेरो नाम प्रज्ञान राखिदिनुभयो । म घरको कान्छो छोरो त्यही भएर पनि मलाई सबैले माया गर्नुहुन्थ्यो । सबैको मायामा रमाइरहेको मैले सानैमा आफ्नो बुबालाई गुमाउनु पर्‍यो । बुवाको मृत्युपछि घरमा आमा एक दाजु र म मात्र भयौं । दाजु र म दुवै सानै थियौं, आमाले जेनतेन खेती वारी गरेर घर चलाउनुहुन्थ्यो। त्यति बेला म सधैं सोच्थें एक दिन म मेरी आमालाई चैनको सास फेर्ने वातावरण दिलाउँछु भनेर। तर थाह थिएन कसरी आमालाइ सुख दिलाउने । आमाले दु:ख गरेरै भएपनि हामीलाई वोर्डिङमा पढाउनु भएको थियो तर म पढाइमा कहिल्यै अव्वल हुन सकिन। परीक्षा उतीर्ण हुन पनि मैले निकै कडा परिश्रम गर्नु पर्थ्यो। जसो तसो मैले २०६५ सालमा एस.एल.सी परीक्षा पास गरे। एस.एल.सी पास हुनासाथ मेरा मनमा अनेक थरी कुराहरु खेल्न थाले आफ्नो भविश्यको वारेमा । म मेरी आमालाई खुसीका दिनहरु उपहार स्वरुप दिन कुनै काम गर्न चाहन्थे जसले हाम्रो जीवनमा वहार ल्याओस् ।



प्राय युवाहरुको मनमा एक चोटी विदेश जाने र पैसा कमाउने सोच हुन्छ। म पनि त्यस्तै त्यस्तै सोच्न थाले। विदेश जाने धुनमा मैले मेरो पढाइ पनि अगाडि बढाइन। ममा विदेशिने एक प्रकारको भूत नै सवार भयो । एक दिन मेरो एक जना छिमेकी काकाले विदेश जानुभन्दा पहिले कुनै तालिम लिदा राम्रो हुने र सानोठिमी प्राविधिक शिक्षालयमा गएर तालिमको बारे बुझ्ने सल्लाह दिनु भयो। उहाँको कुरा मलाई चित्त बुझ्यो र मैले पनि तालिम नै लिने सोच बनाएं। शिक्षालयका विभिन्न तालिमहरु मध्ये मलाई मोटरसाइकल मेकानिक तालिम लिने इच्छा लाग्यो । ६ महिनासम्म तालिम लिएपछि अव ममा केही सीप भएको महसुस भयो र आफ्नो सीपलाई स्वदेश मै प्रयोग गर्ने अठोट पनि गरें। एकदिन पत्रिका पढ्ने क्रममा HERO Company हाल नेपाल जनरल मार्किटिङ्ग प्रा.लि. मा केही तालिम प्राप्त व्यक्तिहरु आवश्यक परेको विज्ञापन देखें र त्यहाँ आफ्नो प्रमाणपत्रहरु पेश गरे। मेरो सीपको कदर भयो र मैले स्वदेश मै रोजगार पाएँ । आज पनि म यसै कम्पनीमा कार्यरत छु। मैले यहाँ आफ्नो कामको कदर आत्मसम्मान र सबै प्रकार का सन्तुष्टि प्राप्त गरिरहेको छु। आफूमा सीप, लगन भएकाले मैले आफ्नै देशमा राम्रो काम पाएँ ।

विमला देवकोटा



# राष्ट्रिय सीप परीक्षण समिति र सीप परीक्षण बारे जानकारी

भूमिका:

औद्योगिक राष्ट्रको ऐतिहासिक पक्षलाई विश्लेषण गर्ने हो भने धनी देश त्यही देखिन्छ जसले जनशक्तिलाई सीपयुक्त गराएर उत्पादनशील गराउन सकेको छ । विश्वमा भएको वैज्ञानिकरणले गर्दा सीपको महत्व पनि तीव्र गतिले बढिरहेको छ । जति जति औद्योगिकरण बढ्दछ त्यति त्यति नै माथिल्लो स्तरको सीपमा पोख्त भएका व्यक्तिको आवश्यकता पर्दछ । सीपयुक्त मानवीय साधनको विकास गराउने प्रकृया सरकारी निकाय, गैर सरकारी संगठन तथा उद्योगहरुबाट भईरहेको पाइन्छ ।

अत्याधुनिक प्रविधिको द्रुततर विकासले गर्दा देशभित्र आधुनिक प्रविधि भित्रिने र त्यसका लागि आवश्यक पर्ने मेसिन औजारहरुको प्रयोग गर्न जान्ने बनाउन सीपयुक्त कामदारलाई तालीम दिएर साथै उनीहरुले कार्यस्थलमा हासिल गरेको सीपको प्रमाणीकरण समेत गराई प्राविधिक जनशक्तिको विकास गराउन अति आवश्यक ठानिएको छ । यस्ता कामदारहरुलाई संम्बन्धित पेसामा स्थायित्व कायम गरी वृत्तिविकास गराएमा देशको ग्राहस्थ उत्पादनमा बढी भन्दा बढी वृद्धिहुन सक्ने कुरा निर्विवाद छ ।

नेपाल पौराणिक कालदेखि काष्ठकला, मूर्तिकला धातुकला आदि कलाहरु संम्बन्धी सीप भएको धनी देश हो । यस्तो सीपको प्रदर्शनबाट वैदेशिक मुद्रा आर्जन गरी देशको आर्थिक विकास गर्ने प्रचुर संभावना भएता पनि केही दशकदेखि यस्ता सीपमा कार्यगर्ने व्यक्तिहरुको संख्या प्रचुर मात्रामा घट्दो छ । सीप विकासको क्षेत्रमा विविध प्रकारका कार्यक्रमहरु संचालन भएतापनि कार्यक्षेत्रमा अनुभवबाट सिकेको सीप तथा विभिन्न छोटो अवधिको तालीमबाट प्राप्त गरेको सीपको मूल्याङ्कन स्तरीकरण, परीक्षण तथा प्रमाणी-करण निकायको प्रचार प्रसारमा खांचो व्यापक रुपमा खड्की रहेको देखिन्छ । देशभरी विभिन्न पेशा र व्यवसायमा छरिएर रहेका कारीगर तथा प्राविधिज्ञहरु वास्तविक ग्राहस्थ्य उत्पादनमा संलग्न रहने जनशक्ति भएकोले उनीहरुको सीपको कदर गर्दै सामाजिक प्रतिष्ठा उठ्न सक्ने स्थितिको सिर्जना गरी, पेशागत मनोबल उच्च गराई कार्यमा स्थायित्व प्रदान गरी लगनशीलता उठाउनुपर्ने तथ्यलाई नकार्न सकिन्न ।

विश्व भूराजनीतिमा आफ्नो अलग्गै तर विशिष्ट पहिचान सहित उपस्थित एशियाली मुलुक हो । नेपाल पौराणिक कला र कौसलको धनी देश हो । प्राचीन तथा मध्यकालमा विकास भएका कलाकौसलता हेर्ने हो भने यहाँ निर्माण भएका वास्तुकला, काष्ठकला तथा धातुकलामा आफ्नै मौलिक विशेषता रहेको पाइन्छ । यिनै नेपाली शिल्पीहरुको योगदानका कारण आज हाम्रा सांस्कृतिक शहरहरु विश्व सम्पदा सूचीमा रहेका छन् ।

हाम्रो देश नेपालमा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दै आएका छन् । ती मानिसहरुले आफ्नो जीविकोपार्जनका लागि पुर्खौली पेशालाई निरन्तरता दिदै आएको देखिन्छ । राष्ट्रिय सीप परीक्षण समितिबाट प्रमाणीकरण गर्ने पवित्र उद्देश्यले राष्ट्रिय न्यूनतम (सुविधा) शुल्कमा लक्षितवर्ग तथा समुदायको सीपको वर्गीकरण गरी परीक्षण गराउने व्यवस्था गरेको छ । यसरी रा.सी.प. समितिले यस्तो व्यवस्था गर्दागर्दै पनि चेतनाको अभावले गर्दा लक्ष्य वर्गहरुको उपस्थिति न्यून देखिन्छ ।

राष्ट्रिय सीप परीक्षण समिति

नेपालमा विकास समिति ऐन २०१३ अनुसार गठन भएको प्राविधिक तथा व्यावसायिक शिक्षा समितिले २०४० साल जेष्ठ ८ गते सीप परीक्षण परिषद् उपसमिति गठन गरी सीपको वर्गीकरण, स्तर निर्धारण, परीक्षण तथा प्रमाणीकरण कार्य सुरु गरेको हो । यसलाई संस्थागतरुपमा विकास गर्ने प्रयास स्वरुप २०४२ सालमा राष्ट्रिय स्तरमा सीपको स्तर निर्धारण, परीक्षण तथा प्रमाणीकरण नियमावली जारी गरी संस्थागतरुपमा राष्ट्रिय सीप परीक्षण परिषद्को स्थापना भयो । यसलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ ले अझ व्यवस्थित बनायो उक्त नियमावलीलाई २०६० सालमा पहिलो संशोधन गरी राष्ट्रिय सीप परीक्षण समिति मार्फत सीप परीक्षण तथा प्रमाणीकरण गर्ने कार्य भैरहेको छ । सीपको स्तर निर्धारण, पेशागत सीपका मापदण्ड निर्माण, परीक्षण तथा प्रमाणीकरण जस्ता मुख्य काम समितिबाट भैरहेको छ । २०७० सम्ममा यस समितिले प्रारम्भिक देखि तह चारसम्मका २६५ वटा सीप प्रमाणिकाहरु तयार गरेर सीप परीक्षणको काम गरिरहेको छ ।

यसरी अहिलेसम्म यो समितिले लिएको सीप परीक्षण परीक्षामा करिब सवा दुई लाख प्रशिक्षार्थी सामेल भएका छन् भने ती मध्ये झण्डै डेढ लाख व्यक्ति उत्तिर्ण हुन सफल भएका छन् । पछिल्ला वर्षहरुमा सी.टी.ई.भी.टी.को अतिरिक्त सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरुले पनि नेपाली नागरिकलाई सीपमूलक तालिम दिने क्रम बढेको छ । चाहे द्वन्द्व मा परेका नागरि कलाई शान्तिपूर्ण बाटोमा ल्याउन र समाजमा स्थापित गराउने नाममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले दिने तालिम होस्, या हेल्भेटास लगायत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले दिने तालिम हुन् या विभिन्न संस्थासंगको साझेदारीमा गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले दिने गरेका तालिम नै हुन्, यस्ता तालिममा थुप्रै नेपालीलाई सीप सिकाई आत्मनिर्भर बनाउने अभियान नै थालिएको छ । यी सबै संस्थाहरुले सीप सिकाएकाहरुको सीप परीक्षण गर्ने र तिनको प्रमाणीकरण गर्ने जिम्मेवारी पनि यही संस्थाको हो ।

राष्ट्रिय सीप परीक्षण समितिको प्रमुख कार्य परम्परागत सीप युक्त जनशक्तिको स्तर पहिचान गर्नको लागि पेशागत सीपका मापडण्ड निर्माण गरी सीपको तह निर्धारण, प्रमाणीकरण तथा सीप परीक्षण गरी प्रमाण पत्र वितरण गर्नु हो ।

सीप परीक्षण

अनौपचारिक माध्यम वा अनुभवबाट हासिल गरेको सीप तथा दक्षता भएका व्यक्तिहरुको सीपको स्तर निर्धारण वर्गीकरण तथा प्रमाणीकरण गर्नु नै सीप परीक्षण हो । सामान्यतया सीप परीक्षण भनेको प्रयोगात्मक परीक्षण हो (कुनै कुनै व्यवसायमा लिखित परीक्षा पनि संचालन गरिन्छ), जुन स्वीकृत राष्ट्रिय सीप प्रमाणिकाको आधारमा सञ्चालन गरिन्छ । जसको मूल्याङ्कन ३ जना विज्ञहरुको

समूहद्वारा गरिन्छ । औपचारिक तालीम तथा शिक्षाको माध्यमबाट हासिल गरेको प्रमाणपत्रको आधारमा कुनै पनि पेशा वा पदको लागि योग्य ठानिने परम्परा हाम्रो देशमा विद्यमान रहेको कारण हाम्रो जस्तो गरिब मुलुक जहाँ परम्परागत पारिवारिक सीप सिक्ने र सिकाउने अत्यधिक प्रचलन भएको ठाउंमा अनौपचारिक माध्यम वा अनुभवबाट हासिल गरेको दक्षता र सीपको कुनै कदर हुन नसकी उक्त जनशक्ति देश निर्माण कार्यमा समाहित हुन नसकेको सन्दर्भमा लुकीछिपी बसेका सीपको कदर गर्न नेपाल सरकारले राष्ट्रिय सीप परीक्षण समिति मार्फत सीप परीक्षण गरी सीपको स्तर कायम गरिदिने व्यवस्था गरेको छ । समितिले सीप परीक्षणका लागि Occupational Skill Standard तथा Occupational Profile निर्माण गरी यसैको आधारमा Test Item तयार गरी प्रयोगात्मक पद्धतिद्वारा प्रमाणीकरण गर्ने गर्दछ ।

हालसम्म राष्ट्रिय सीप परीक्षण समितिले २६५ वटा व्यवसायगत सीप प्रमाणिका तथा व्यवसायगत प्रोफाइल तयार पारी परीक्षण तथा प्रमाणिकरण गर्दै आईरहेको छ । वि.सं २०४० सालमा सुरु भएता पनि जनचेतनाको अभाव तथा परम्परागत सीपको प्रमाणित गर्ने परीपाटी नहुँदा वि.सं २०६० को दशकमा आइपुग्दासम्म पनि १२२२१ जना मात्र सीप परीक्षणमा सामेल भएको देखिन्छ । वि.सं २०५० को दशक पछि यो संख्यामा विस्तारै विस्तारै बृद्धि हुँदैआएर आर्थिक वर्ष २०६८/६९ मा ६१,६१० जना सहभागीहरु सीप परीक्षणमा सामेल भएका थिए । हालसम्म २२०१९० जना सहभागीहरु सीप परीक्षणमा सामेल भइसकेका छन् ।

यसरी संख्यात्मक रुपमा बृद्धि भएता पनि अझै पनि परम्परागत रुपमा अगाल्दै आएको पेसालाई जिविकोपार्जनको रुपमा मात्र हेरिने प्रचलन विद्यमान छ । प्रमाणीकरणको प्रकृयामा के कसरी आउन सकिन्छ भन्ने कुराको चेतना नभएको कारण लक्षित वर्गहरुको उपस्थिति न्यून देखिन्छ । वास्तवमा भन्नु पर्दा परम्परागत सीप र शिल्पीहरु आफ्नै गाउँघरमा अल्मलीई रहेकाछन् यी शिल्पीहरु सीप परीक्षणमा आउन सकेका छैनन् । हातमा सीप भएका यस्ता सीप युक्त जनशक्तिको प्रमाणिकरण गर्न जरुरी देखिएको छ । राष्ट्रिय सीप परीक्षण समितिले महिला तथा दलितहरुका लागि नियमित विज्ञापन भएको अवस्थामा सामान्य शुल्कमा सुविधा शुल्कको व्यवस्था गरी दलित तथा महिलाहरुको सीप परीक्षण गराउने गरेको देखिन्छ । यस्तो सुविधाको बावजुद पनि यो समुदायको खासै उल्लेख्य उपस्थिति भएको पाइदैन ।

यद्यपि यो अवस्था आउनुको पछाडि चेतनाको कमी त छदैछ त्यसमा पनि प्रमाण पत्रको महत्वको वारेमा ज्ञान नभएका कारणले गर्दा पनि यो संख्यामा कमी आएको देखिन्छ । राष्ट्रिय सीप परीक्षण समिति मार्फत् हालसम्म हुँदै आएका कार्यक्रमहरुका बारेमा सरोकारवाला समुदाय, क्षेत्र र व्यक्तिसम्म सुचना पुर्‍याउनु अझ जरुरी देखिएको छ । मुलुकमा बढ्दो बेरोजगार तथा प्राविधिक र सीपमूलक शिक्षामा राज्यको चासो नहुंदा आशातित उपलब्धि हासिल हुन सकिरहेको छैन । यस क्षेत्रमा सरकारी र गैर सरकारी दुवै निकायका साथै सरोकारवाला सबै पक्षको ध्यान गम्भीर रुपले आकर्षण गरी राष्ट्रिय चासो बढाउनु जरुरी भैसकेको छ । यसै सन्दर्भमा एकातिर विभिन्न संघसंस्थाले प्राविधिक शिक्षामा गरेको लगानी छ भने अर्कातिर परम्परागत सिकेका सीपहरुलाई व्यावसायिक रुप दिनका लागि विभिन्न संघसंस्था मार्फत यस्ता कार्यमा आवश्यक पहलगरी उनीहरुलाई प्रमाणीकरण प्रकृयामा ल्याउन सकेको अवस्थामा लुकिछिपी रहेको सीपको कदरका साथै त्यस्ता मानव संशाधनलाई राष्ट्रनिर्माणमा समाहित गर्न सकिने देखिनुका अलावा उनीहरुको जीवन स्तर माथि उठाउन सकिने देखिन्छ ।

*(लेखक राष्ट्रिय सिप परिक्षण समिति संस्थामा प्रशासन अधिकृत पदमा कार्यरत हुनुहुन्छ)*

## बैदेशिक रोजगारमा जान चाहनेले ध्यान दिनु पर्ने कुरा

१. जानु अघि आम्दानी र खर्चको राम्रोसँग तुलना गर्नु पर्दछ, खर्च बढी हुने गरी अरुको लहलहैमा र उक्साहटमा लागि बैदेशिक रोजगारमा जानु हुँदैन । आफ्नो सीप र क्षमता अनुसार स्वदेश भित्र पनि रोजगारीको अवसर हुन्छन् त्यसको ख्याल गर्नु पर्दछ ।

२. वैदेशिक रोजगारमा जानु पर्दा के काममा जाने हो ? यकीन भई कामसँग सम्बन्धित सीप सिकेर मात्र जानु पर्छ। (जस्तै सिकर्मी, डकर्मी, Carpenter, Waiter, Cook, Electrician, Plumber, Driving, Machine Operator, Care Giver, Cleaner आदि)

३. तपाईलाई वैदेशिक रोजगारमा पठाउने मान्छे ठग दलाल पनि हुन सक्छ तुरुन्तै भर नपर्नुहोस् । जान्ने बुझ्नेसँग छलफल र सल्लाह गर्नुहोस् । तपाईको गाउँका शिक्षक, गा.वि.स सचिव, सामाजिक परिचालकले सहयोग गर्न सक्दछन् । यसका अतिरिक्त गाउँमा पारालिगलका सदस्य वा सचेतना समुहका सदस्य भए सल्लाह दिन सक्दछन् ।

४. वैदेशिक रोजगारमा जाँदा भरपर्दो मेनपावर कम्पनी बुझेर मात्र जानुपर्दछ । सकभर व्यक्तिगत भीषामा जानु हुँदैन ।

५. वैदेशिक रोजगारमा जान वैदेशिक रोजगार विभागवाट अनिवार्य रुपमा श्रम स्वीकृति लिनु पर्दछ । यसरी श्रम स्वीकृति लिएर गएमा अप्ठयारोमा पर्दा सरकारवाट उद्धार गर्न सहयोग मिल्छ । साथै कुनै प्रकारको दुर्घटनामा परेमा वा बिरामी भएमा आर्थिक सहायता र औषधि उपचार खर्च प्राप्त हुन्छ ।

६. जानु भन्दा अघि कम्तिमा २ वर्षका लागि बीमा गराउनु पर्दछ, साथै स्वास्थ्य परीक्षण गराउनु पर्दछ।

७. काम गर्न जाने देशको रहन सहन, धर्म संस्कृति, व्यवहार, चालचलन, कार्य वातावरण हवाई यात्रा बारेमा जानकारी लिन अनिवार्य रुपमा पूर्व प्रस्थान अभिमुखीकरण तालीम लिनु पर्दछ । यो तालीम लिन रु.७०० मात्र खर्च लाग्दछ ।

८. आफूले काम गर्न जाने कम्पनीसँग गर्ने काम, तलव, सुविधा सम्बन्धमा बुझेर करार गर्नु पर्छ । करार नेपाली भाषामा पनि गर्नु पर्ने हुन्छ ।

९. भीषा प्राप्त भएपछि मात्र कम्पनीलाई पैसा बुझाउनु पर्दछ । जसलाई पैसा बुझाएपनि भरपाई वा रसिद लिनु पर्छ ।

१०. स्वदेशी विमानस्थल (त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल) बाट मात्र जानुपर्छ नत्र ठगिमा पर्न वा हिंसामा पर्न सकिन्छ । उजुरीको लागि प्रमाण समेत जुट्दैन ।

११. पासपोर्ट, भिषा, बीमा, श्रम स्वीकृतिपत्र र करारपत्रको फोटोकपी परिवारमा छोड्नुपर्छ ।

१२. वैदेशिक रोजगारको क्रममा ठगीमा परे वैदेशिक रोजगार विभागमा उजुरी गर्नु पर्छ, उजुरी कामदार स्वयं वा उस्को नातेदारले पनि गर्न सक्दछ ।

**बैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय**

**फोन नं.** ०१-४१०२७११, URL: www.fepb.gov.np

# पैसा कमाउने सीप जस्तो लाग्यो ।



अवसर पाए महिलाले पनि पुरुषले जस्तै काम गर्न सक्छन भन्ने कुराको उदाहरण हुन धादिङ्ग, पिडा गा.वि.स. वडा नं. २ निवासी दिपा राई । एस.एल.सी.परीक्षामा विपरित नतिजा आए पछि निकै निराश भएर बसेकी थिईन उनी । सामान्य किसान परिवारमा जन्मेकी दिपा प्रयास नेपालको सहयोगमा FLC परियोजना अन्तर्गत सिलाई तालिमका लागि भनेर घरबाट बाबु आमासंग विदा भएर ६ महिना तालिमका लागि शिक्षालय आएकी थिईन् । शिक्षालयमा पुग्दा आफु जस्तै धेरै साथीहरुसंग भेटघाट भयो । सबै साथीहरु सिलाई तालिमका लागि आएको भन्ने थाहा पाए पछि खुसी भएर भोलि देखि तालिममा सहभागी हुने सोचका साथ उनको त्यो दिन बित्यो ।

भोलिपल्ट शिक्षालयका विभिन्न तालिमहरुका बारेमा प्रशिक्षकहरुले बताउनुभयो । विभिन्न तालिम मध्ये ईलेक्ट्रिक तालिम भन्ने पनि रहेछ । के रहेछ भनेर बुझ्दा यो बत्ती सम्बन्धी कार्य भन्ने थाहा भयो । सानैदेखि बिजुली कसरी बल्छ होला भन्ने मनमा लागि राख्थ्यो रे उनलाई । त्यतिकैमा उनलाई घरमा बिजुली जडान गरेको दिन याद आयो । निकै लामो प्रयासपछि घर झिलिमिली बत्ती बलेको र त्यो क्षण दिपाको लागि अति नै रमाईलो पल थियो । बत्ति बलेकोमा खुसी भएपनि विजुली बनाई दिने दाईले निकै ठुलो रकम लगेको पनि मनमा कता कता चसक्क याद आयो रे उनलाई । यस्तै सोच्दै ईलेक्ट्रिक तालिम लिने सोचमा पो उनी पुगिछन् । पुरुषले मात्र ईलेक्ट्रिक काम गरेको देखेकी दिपालाई पैसा कमाउन सक्ने सीप ईलेक्ट्रिक नै हो भन्ने लाग्यो । उनले यो तालिम लिएरै छोडने अठोट गरिन् ।

उनको कुरा सुनेर प्रशिक्षकहरुले पनि हौसाला दिनुभयो । छात्रावासका धेरै साथीहरुको माझमा उनी एक्लै भईन् । तर ईच्छाको अगाडि कसको के लाग्छ र । सिकेरै छाडिन् । निकै रमाइलो भयो तालिम । तालिम संगसंगै शिक्षालयको वातावरण, होस्टलको बसाई, साथीभाईहरु, विभिन्न सांस्कृतिक गतिविधि, जीवन उपयोगी शिक्षा, विभिन्न कार्यक्रमहरुमा सहभागी, अवलोकन भ्रमणहरुले गर्दा उनको दिन के गरी बित्यो थाहै नपाई तालिम अन्तिम चरणमा पुगि सकेछ । तालिमको अन्तिम चरणतिर अन्य प्रशिक्षार्थीहरुलाई जस्तै दिपाले पनि अन द जब तालिमका लागि फिल्डमा काम गर्नुपर्ने भयो । पहिले त उनलाई शिक्षालय मै बस्छौ कि फिल्ड जाने भनेर मिसले सोध्नु भयो रे । उनले निकै विचार पुऱ्याएर घरैमा बस्ने भए त किन सिक्थें र म त पैसा कमाउन पो सिक्न आएकी भन्ने कुरा गरेपछि अरु साथीहरुसंग कुपण्डोल स्थित काठमाण्डौ रिपयरिङ्ग सेन्टर पठाएछन् । त्यहाँ उनलाई सुरुमा त केही कठिन लागेछ । शिक्षालयमा त्यही काम गर्दा खेलौना खेलाए जस्तो लाग्थ्यो रे । तर साँच्चिकै फिल्डमा काम गर्दा भने निकै सोचेर विचार गरेर काम गर्नुपर्ने रहेछ भन्ने उनलाई लागेछ । तर सौभाग्य सबैले उनको काममा निकै प्रशंसा एवं सहयोग पनि गरे । निकै मिहिनेत गरेपछि सरहरु खुसी भएर तालिम पछि जागिरका लागि यतै आउनु है भनेको सुनेर हर्षको सीमै भएन र होस्टलका साथीहरुलाई यो कुरा सुनाएपछि सबै साथीहरुले बधाई दिएछ ।

उनले होस्टलमा उनी संगै बस्ने झण्डै ७० जना साथीहरु मध्ये सबै भन्दा पहिले रोजगारको अवसर पाइछन् । यो पनि महिनाको रु. ८००० दिने भएछ । यो कुरा तुरुन्तै बुबालाई फोनबाट बताइ छन् । बुबा पनि खुसी भएर तैले त छोरा मान्छेले जस्तै काम गरी देखाइस्, यसै काममा अगाडि बढ्नु, काम राम्ररी गर्नु भनेर हौसला दिनु भएछ । उनी आफ्नो काम र कमाईप्रति निकै सन्तुष्ट छिन् । आफु संगै तालिम लिने कोही पनि बेरोजगार नभएको बताउछिन् । आफुलाई तालिम दिने प्रशिक्षकहरु एवं संस्थाका अन्य व्यवस्थाप्रति पनि निकै सन्तोष छिन् उनी । अहिलेको समाजमा व्यावसायिक तालिम भनेको त निकै अपरिहार्य चिज पो रहेछ भन्ने लागेको छ उनलाई । अन्य दिदी बहिनीलाई पनि प्रेरणा दिन चाहन्छिन् ।

## के गर्छ युसेपले

अनाथलाई शिक्षा दिक्षा इच्छुकलाई प्राविधिक शिक्षा ।
आफ्नै इच्छा अनुसारको सीप सिक्न पाइने सीपको बगैचा ॥

गरिब र अभावमा रहेकालाई दिने पहिलो प्राथमिकता ।
प्राविधिक शिक्षा दिएर बनाउँछ यस्ले आत्मनिर्भरता ॥

पारिवारिक वातावरणमा सबैलाई दिने सिप अनि शिक्षा ।
छैन कसैलाई भेदभाव यही हो युसेप नेपालको समिक्षा ॥

मिहिनेतीको फल मिठो अनि प्राविधिकको सीप मिठो ।
सीप सिकेपछि भईनेरैछ आत्मनिर्भता पनि छिटो ॥

प्राविधिकको काम राम्रो सुरक्षा अपनाउनु धर्म हो हाम्रो ।
जीवन परिवर्तन गर्नका लागि भाग्य चाहि कर्म हो हाम्रो ॥

आत्मविश्वास बढाउनलाई दिईने यहा जीवन उपयोगी ।
सीप सिकेपछि तयार छ युसेप परिश्रमीलाई रोजगार मिलाइदिन

यहाँ सीप शिक्षा लिइसकेपछि बेरोजगार बस्नु नपर्ने ।
आफ्नै खुट्टामा उभिई हर्ष उल्लाससाग बाच्न पाईने ॥

पूर्व मेची पश्चिम महाकालीसम्मका हिमाल तराई सबैलाई ।
प्रयत्नशील छ युसेप नेपाल आत्मनिर्भर बनाउन नेपालीलाई ॥

हरिप्रसाद काफ्ले
प्रशिक्षार्थी, हाउस वायरिङ्ग

# जनरल मेकानिकल ट्रेड

सन् १९७८ मा युसेप नेपालको कार्यक्रमहरु मध्ये अनौपचारिक शिक्षा कार्यक्रम सन् १९७८ बाट शुरु भै सन् १९८३ बाट सानोठिमी प्राविधिक शिक्षालयको स्थापना गरी शुरुमा जनरल मेकानिकल र अटो मोबाईल मेकानिक तालिम संचालन गरिएको थियो ।



शुरुका दिनहरुमा ती दुबै तालिम तीन वर्षे TSLC वा सो सरहको थियो । यस पछि मात्र अन्य तालिमहरुको शुरुवात भएको थियो । यसरी हेर्दा जनरल मेकानिक ट्रेड सबै भन्दा पुरानो तालिमको रुपमा हेर्न सकिन्छ । यो Mechanical Engineering सम्बन्धित काम हो । यसमा मुख्य गरी विभिन्न प्रकारका फलामहरुका सर सामान, मेसिन, टुल्स, औजार, घरायसी वस्तु आदि मर्मत तथा निर्माण गरिन्छ र ती फलामबाट बनेका सामानहरुलाई समय समयमा मर्मत सम्भार, पुनः निर्माण गर्ने काम पनि मेकानिकल ईन्जिनीयरिङसँग सम्बन्धित छ ।

मेकानिकल ईन्जिनीयरिङको शिक्षा साना लेभलदेखि ठुलो लेभलसम्म हुन्छ जस्तै IE, BE, ME, PhD in Mechanical Engineering आदि । यस क्षेत्रमा साँच्चिकै काम गरेर सामान बनाउन सक्ने व्यक्तिहरुलाई Skilled, Semi Skilled Man-power भनिन्छ तर यसलाई स्पष्ट तह खुलाएर नेपाल सरकारको मान्यता प्राप्त संस्था CTEVT ले तह १ देखि तह ३ सम्मको व्यवस्था गरेको छ । सानो ठिमी प्राविधिक शिक्षालयले पनि यही अनुसार तालिम सञ्चालन गर्दछ । मेकानिकल तालिम वा कार्यका विभिन्न भागहरु छन् जस्तै, मेकानिकल फिटर, सिट मेटल, वेल्डर , स्ट्रक्चरल फेब्रिकेटर, लेथ सेटर, TIG/MIG Welder आदि ।

यस मेकानिकल ट्रेडले बजारको आवश्यकता तथा प्रशिक्षार्थीहरुको ईच्छा साथै यस क्षेत्रमा अघि बढ्न सजिलो होस् भनेर विभिन्न क्षेत्र खुलाइएको छ जस्तै जनरल मेकानिक्स, लेथ सेटर अपरेटर, स्ट्रक्चरल फेब्रिकेटर, वेल्डिङ, सेपर । यी पेशामा सक्षम काम गर्न सक्ने प्रशिक्षार्थीहरुले CTEVT बाट तह ३ (ओभरसियर सरहको) सम्मको प्रमाणपत्र प्राप्त गर्न सक्छन् ।

**तालिमको उद्देश्य:**

आवश्यक सीप प्रदान गरी रोजगारी वा आय आर्जन गर्न सहयोग गरी एक असल नागरिक बनाउने ।

**तालिम दिइने तरिका:**

सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा, साथै DEMO तथा विषयवस्तुसँग सम्बन्धित चित्र देखाएर, समूहगत रुपमा विभाजन गरी विषयवस्तुसँग सम्बन्धित कार्यहरु गर्न दिएर, जीवन उपयोगी कक्षाहरु, अवलोकन भ्रमण, कार्यक्षेत्रमा कार्यगत तालिममा पठाएर,

**बजारमा मेकानिकल प्राविधिकको माग:**

अहिलेको समयमा निर्माण सम्बन्धी काम निरन्तर रुपमा बढिरहेको र घरायसी सामानको माग समेत बढेको हुँदा Mechanical जनशक्तिको ठुलो माग छ । मेकानिकल तालीम प्राप्त भएपछि काम गर्ने ईच्छा शक्ति छ भने शत प्रतिशत रोजगारीको अवसर छ । देशमा मात्र होइन वैदेशिक रोजगार का लागि समेत यो तालिम महत्वपूर्ण छ । स्तरीय प्राविधिकहरु अबका दिनमा विकसित देश (युरोप, क्यानाडा, जर्मनी, नर्वे आदि) हरुमा आकर्षणको बिषय भइरहेको छ । तर यी विकसित देशहरुमा स्तरीय प्राविधिक जनशक्ति Skill Test Level 3 सम्म क्षमता भएकालाई मात्र माग गरिन्छ । अन्तर ाष्ट्रिय स्तरमा समेत दक्ष प्राविधिक जनशक्तिको माग बढ्दै आएकोले साधारण शिक्षादेखि उच्च शिक्षामा समेत संलग्न विद्यार्थीहरु यस पेशामा आकर्षित छन् ।

**तालिम सम्पन्न गरेपछि गर्न सक्ने कार्यहरु:**

Vertical, horizontal, flat, overhead वेल्डिङ गर्न सक्ने, Gas welding, gas cutting, TIG MIG गर्न सक्ने , घरायसी सामान जस्तै ग्रील, ढोका, फर्निचर, स्ट्याण्ड आदि बनाउन सक्ने ,

तालिमको अवधि:

समय र बजारको आवश्यकता अनुसार ६/१२ महिनाको तालिम साथै माग अनुसार विशेष प्याकेज पनि सञ्चालन गरिन्छ ।

# शिक्षालय गतिविधि

## समुदाय परिचालन



विभिन्न स्थान र समुदायमा गई प्राविधिक शिक्षा यसको महत्व तथा अपरिहार्यताका बारेमा जनचेतना जगाउने खालका कार्यक्रमहरु संस्थागत रुपमा सशक्त ढंगले कार्यान्वयन भइरहेको छ । यो समुदाय परिचालन कार्यक्रम शिक्षालयले आफ्ना प्रशिक्षकहरुको सहयोगमा विभिन्न समय र स्थानमा शिक्षालयमा सञ्चालन हुने सबै तालिमका लागि निरन्तर रुपले गर्दैआएको छ । यसबाट शिक्षालयको लक्षित वर्गका रुपमा रहेका बेरोजगार युवा युवतीहरु लाभान्वित भएका छन् । यही क्रममा विभिन्न व्यक्ति तथा संघसंस्थाहरु स्थानीय युवा क्लब तथा विभिन्न सहकारी संस्थाहरुको सहयोगमा २०७० भाद्रदेखि माघ महिनाको अवधिमा दधिकोट, सीपाडोल, नंखेल, साँगा, छालिङ्ग, सुडाल, बागेश्वरी, ताथली, सिरुटार, पाटन मंगल बजार, गोठाटार, साँखु, लगायतका जम्मा १५ स्थानमा CMD सफलतापूर्वक सम्पन्न गरियो । जसका माध्यमबाट करिब ३०० जना बेरोजगार युवा युवतीहरुले आफूले चाहेको सीपहरु सिकी आत्मनिर्भर हुने अवसर प्राप्त गरेका छन् ।

## जीवनोपयोगी सीप र परामर्श कक्षा

प्रशिक्षार्थीहरुलाई प्राविधिक तालिमले मात्र पुग्दैन, वस्तुगत तथा विषयगत ज्ञानका साथै व्यवहारिक ज्ञान पनि अपरिहार्य छ । कार्यस्थानमा अनुशासनको पालन, समय व्यवस्थापन, काममा आत्मविश्वास, सकारात्मक सोच, ग्राहकहरुसँगको समन्वय तथा व्यक्तित्व विकास गर्नका लागि जीवनोपयोगी सीप (soft skills) को आवश्यकता पर्ने कुरालाई ध्यानमा राखी शिक्षालयले विभिन्न विषयमा आवश्यकता अनुसार जीवनोपयोगी कक्षाहरु सम्बन्धित विज्ञहरु तथा प्रशिक्षकको सहयोगमा सञ्चालन गर्दैआएको छ । यसरी ६ महिनाको अन्तरालमा ८० वटा कक्षाहरु सञ्चालन गरिएको छ ।

## 5 'S'

कार्यशाला व्यवस्थापनका लागि महत्वपूर्ण ५ प्रक्रिया, Sorting ( वर्गीकरण गर्नु), Straightening or Setting in Order/ Stablize (मिलाउनु), Systematic Cleaning (व्यवस्थित सफाई), Standardizing (स्तरीकरण गर्नु), Sustaining the Discipline or Self-Discipline -अनुशासनको स्तर कायम राख्नु/निरन्तरता दिनु) लाई निरन्तरता दिन विभिन्न समयमा



कार्यशालाको व्यवस्थापन एवं सरसफाईको बारेमा कार्यशालाको अवलोकन तथा सो कार्यक्रमको निरन्तरता दिने कार्यहरु कर्मचारी तथा अन्य सहयोगीहरुको सहयोमा भईरहेको छ । यस कार्यले प्रशिक्षार्थिहरुले आफ्नो कार्यशाला कसरी सफा एवं व्यवस्थित बनाउने भन्ने बारेमा विस्तृत जानकारी प्राप्त गर्न सक्दछन् ।

## बाल दिवस

हरेक साल जस्तै यस वर्ष पनि भाद्र २९ गते राष्ट्रिय बाल दिवसका दिन युसेप नेपालको प्रांगणमा सम्पूर्ण कर्मचारी एवं प्रशिक्षार्थीहरुको



साथमा सामूहिक जन्मोत्सव, सांस्कृतिक कार्यक्रम गरी भव्यताका साथ मनाइयो । नेपालका विकट एवं दुर्गम क्षेत्रबाट तालिम लिन आएका प्रशिक्षार्थीहरुलाई समाजमा घुलमिल गराउन यस किसिमका कार्यक्रमले विशेष सहयोग गर्दछ ।

## खेलकुद सप्ताह

शिक्षालयका नियमित कार्यक्रमहरु अन्तर्गत अतिरिक्त क्रियायलापमा विभिन्न खेलकुद पनि पर्दछन् । प्रशिक्षार्थिहरुको आत्मविश्वास बढाउने एवं विभिन्न क्रियाकलापमा संलग्न गराउने अभिप्रायले शिक्षालयले अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्ने गर्दछ । यस क्रममा गत आश्विन १३ गते देखि १९ गते सम्म विभिन्न खेलकुदहरु जस्तै भलिबल, टेनिस, चेस, व्याटमिन्टन लगायत हाजिरी जवाफ, वादविवाद, निबन्ध लेखन जस्ता प्रतियोगिताहरु गरिएको थियो । कार्यक्रममा प्रशिक्षार्थीहरु सहभागिता निकै उत्साहजनक देखिएको थियो । यस्ता कार्यक्रमहरुले प्रशिक्षार्थीको व्यक्तित्व विकासमा सघाउ पुऱ्याउने विश्वास शिक्षालयले लिएको छ । सप्ताहव्यापी



उक्त कार्फक्रमको अन्तिम दिन एक कार्यक्रमका बिच विजयी प्रतियोगिहरुलाई संस्थाका महासचिव श्री लोकेश राज दलीले पुरस्कार वितरण गर्नुभएको थियो । कार्यक्रममा विभिन्न खेलकुदहरु गरी जम्मा १४३ जना प्रतियोगिहरुले विभिन्न खेलकुदहरुमा उल्लेख्य सहभागिता जनाएका थिए ।

## दशैं पूजा

शिक्षालयको परम्पराको रुपमा रहेको दशैं पूजा, विभिन्न संस्थाका प्रतिनिधिहरु, संस्थाका आजीवन तथा साधारण सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी, संस्थाका कार्यकारी सदस्यज्यूहरु एवं अतिथिहरुको सहभागितामा यस वर्ष पनि धुमधामका साथ दुर्गा पूजा दशैं महोत्सव मनाइयो । यस वर्ष दशैं पूजा कार्यक्रम आश्विन २४ गते विहिबारको दिन मनाइएको थियो ।

## समावेशीकरणका लागि यात्रा

विपन्न, असहाय र दुर्गम क्षेत्रका युवाका लागि संचालन हुने सबै प्रकारका व्यावसायिक तालिम समावेशी हुनुपर्ने चेतना अभिवृद्धि गर्न गत २०७० पौष ७ गते समावेशीकरण प्रभातफेरी आयोजना गरिएको थियो । AIDE et Action ईन्टरनेशनल र एम ए डब्लु ईन्टरप्राईजेजको सहयोगमा कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रम शिक्षालयको प्रांगणबाट शुरु भै गट्टाघर, कौसलटार हुँदै करीव एक घण्टे यो यात्रा पुन शिक्षालयकै प्रांगणमा सम्पन्न भएको थियो । कार्यक्रममा प्रशिक्षार्थी तथा भूतपुर्व प्रशिक्षार्थीहरु, मानव अधिकारकर्मी, खेलाडी, विभिन्न स्कुलका विद्यार्थीहरु, प्रशिक्षक, संस्थाका सदस्यहरु, ट्राफिक प्रहरीहरु संस्थाका कर्मचारी एवं संचालकहरु समेत गरी करीब ५०० जनाको सहभागिता रहेको थियो ।



## अवलोकन भ्रमण

प्रशिक्षार्थीहरुको आत्मबल वृद्धिका लागि शिक्षालयले अपनाएको विभिन्न नीतिमध्ये Exposure visit पनि एक हो । शिक्षालयले समय समयमा सम्पन्न हुने विभिन्न Expo तथा Fair हरुमा साथै विभिन्न प्राविधिक शिक्षालय तथा कलकारखानमा प्रशिक्षार्थीहरुलाई भ्रमण एवं सहभागी गराई नयाँ प्रविधि सम्बन्धि ज्ञान लिने अवसर प्रदान गर्दछ । यस क्रममा शिक्षालयले ड्राफ्टि तथा ईन्टेरियर डिजाइनि , अटोमोवाइल मेकानिक, मोटरसाइकल मेकानिक, हाउसवायरि , मोवाईल रिपयेर, प्लम्बि ट्रेडका प्रशिक्षार्थीहरुलाई सम्बन्धित Expo तथा कलकारखानामा शैक्षिक भ्रमण कार्यक्रममा सहभागी गराइयो । सोही क्रममा महिन्द्र २ ह्वीलर, नाडा अटो सो, CAN Info Tech 2014 ताम्राकार हाउस, बिजुली बजार जस्ता स्थानका शैक्षिक भ्रमणको आयोजना गरिएको थियो ।

## Aide et Action अन्तर्गतका नवौं समूहका तालिम सम्पन्न तथा दसौं समूह सुरु ।

Aide et Action को सहयोगमा संचालित iLEAD परियोजना अन्तर्गतका नवौं समूहको तालिम सम्पन्न भएको छ । नवौं समूहमा जम्मा ८८ जनालाई विभिन्न पाँचवटा विषयमा तालिम सम्पन्न भइ तालिम पश्चात् रोजगारीमा सम्लग्न भैरहेका छन् । हाल सम्म ६४ प्रतिशत प्रशिक्षार्थीहरुले संबन्धित क्षेत्रमा विभिन्न संघ संस्थाहरुमा कार्यरत छन् । त्यसै गरी सोही परियोजना अर्न्तगत दसौं समूहमा ११७ प्रशिक्षार्थीले विभिन्न पाँचवटा विषयमा तालिम हासिल गर्दैछन् ।

## सरस्वती पूजा

शिक्षालयको परम्पराको रुपमा रहेको सरस्वती पूजा कार्यक्रम, शिक्षालयका सम्पूर्ण प्रशिक्षार्थी साधारण सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी एवं अतिथिहरुको सहभागितामा यस वर्ष पनि श्री पञ्चमीका दिन देवी सरस्वतीको पूजा गरी मनाइयो । हिन्दुहरु सनातन परम्परामा ज्ञानकी देवीको रुपमा मानिएकी सरस्वतीले सबैलाई ज्ञान प्रदान गरुन् भन्ने प्रार्थनाका साथ यो पूजा गरिन्छ । सो अवसर मा बसन्त पञ्चमीको महत्व र विद्यार्थीहरुका कर्तव्यबा बारेमा प्रसिद्ध विद्वान श्री चिन्तामणि योगीबाट प्रवचन पनि गरिएको थियो ।

## युसेप नेपाल मित्र समुह

युसेप नेपालका भूतपूर्व ग्राजुएट्सहरुको सहभागितामा गठित मित्र मिलन क्लव नामक Alumni मा हाल सम्म २४० जना सदस्य भएका छन् । युसेप नेपालबाट सञ्चालित सबै कार्यक्रमहरुमा सबै सदस्यको सक्रिय सहभागिता तथा प्रभावकारी भूमिकाको अपेक्षा राखिएको छ ।

## श्रावण देखि माघ मसान्त सम्म तालिम लिएका प्रशिक्षार्थी संख्या

| क्रं. सं. | कार्यक्रम तालिम | विवरण |
|---|---|---|
| १. | नियमित सत्रको तालिम | नियमित श्रावण शत्र अन्तर्गत १६१ प्रशिक्षार्थीले तालिम प्राप्त गरे । |
| २. | FLC | यस परियोजना अन्तर्गत ९८ प्रशीक्षार्थीले तालिम प्राप्त गरे |
| ३. | विशेष प्याकेज | यस अन्तर्गत बाल सुधार गृहका ३० जना प्रशिक्षार्थीहरुले वेल्डिङ्ग र ईभर्टर तालिममा १० जनाले तालिम प्राप्त गरे । |
| ४. | ILEAD | यस परियोजना अन्तर्गत ११२ प्रशीक्षार्थीले तालिम प्राप्त गरे । |
| ५. | हलुका सवारी चालक | यस अन्तर्गत ११९ प्रशीक्षार्थीले तालिम प्राप्त गरे । |
| | हेभि ईक्विपमेण्ट | यस अन्तर्गत Backhoe र Excavator गरि जम्मा १९० प्रशीक्षार्थीहरुले तालिम प्राप्त गरे । |
| | जम्मा | ७२० |

नयाँ वर्ष २०७१ को अवसरमा
सम्पूर्ण नेपाली दाजुभाई तथा
दिदिबहिनीहरुलाई हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्न चाहन्छु ।

International Staffing Services Pvt. Ltd.
Samakhusi, Kathmandu
POB No. 24384
TEL: +977 1 4382271, 4382156
FAX:+977 1 4382302
EMAIL: issnepal@wlink.com.np
WEB: www.issnepal.com



# सीप परीक्षण
## Skill Testing

औपचारिक तालीम तथा शिक्षाको माध्यमब्राट हासिल गरेको प्रमाणपत्रको आधारमा कुनै पनि पेशा वा पदको लागि योग्यठानिने परम्परा हाम्रो देशमा विद्यमान रहेको कारण हाम्रो जस्तो गरिब मुलुक जहा परम्परागत पारिवारिक सीप सिक्ने र सिकाउने अत्यधिक प्रचलन भएको ठाउंमा अनौपचारिक माध्यम वा अनुभववाट हासिल गरेको दक्षता र सीपको कुनै कदर हुन नसकि उक्त जनशक्ति देश निर्माण कार्यमा समाहित हुन नसकेको सन्दर्भमा लुकीछिपी बसेका सीपको कदर गर्न राष्ट्रिय सीप परीक्षण समितिले सीप परीक्षण गरी सीपको स्तर कायम गरिदिने व्यवस्था गरेको छ ।

तसर्थ अनौपचारिक माध्यम वा अनुभवबाट हासिल गरेको दक्षता वा सीप भएको व्यक्तिहरुलाई कदर गर्दै खेर गइरहेको जनशक्ति देश निर्माण कार्यमा समाहित गर्ने मुलभुत उद्देश्य राखी करिव दुई दशक अघि विकाश समिति ऐन २०१३ को आधारमा जारी गरिएको प्राविधिक तथा व्यावसायिक शिक्षा समिति गठन आदेश २०३९ अनुसार बनेको उक्त समितिद्धारा २०४० साल जेष्ठ ८ गते सीप परीक्षण परिषद् उपसमिति गठन गरी सीपको स्तर निर्धारण, वर्गीकरण, परीक्षण तथा प्रमाणिकरणको लागि कार्य शुरु गरियो ।

सीप परीक्षण तथा प्रमाणिकरणको आवश्यकता महशुस गरी नेपाल सरकारले राष्ट्रिय स्तरमा सीप स्तर निर्धारण, परीक्षण तथा प्रमाणिकरण नियमावली २०४२ जारी गरी संस्थागत निकायको रुपमा राष्ट्रिय सीप परीक्षण परिषद्को स्थापना भयो । यसलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ अन्तर्गत बनेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावलीले, अझ व्यवस्थित बनायो । प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद ऐन २०४९ को संशोधन ऐन अन्तर्गतको नियमावली २०५१ द्धारा कार्य संचालन हुदै आएकोमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ पहिलो संशोधन २०६० साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् सीप वर्गीकरण परीक्षण तथा प्रमाणीकरण विनियमावलीद्धारा व्यवस्थित गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ पहिलो संशोधन २०६० को नियम ८ को राष्ट्रिय सीप परीक्षण समितिद्धारा सीप स्तर निर्धारण परीक्षण तथा प्रमाणिकरण गर्ने कार्य गर्दै आइरहेको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावलि २०५१ पहिलो संशोधन २०६० को नियम १० (क) उप नियम २ अनुसार सम्बन्धित व्यवसाय (विषय)मा देहायको सीपको तहको प्रमाणपत्र लिएको व्यक्ति निम्न श्रेणी वा तहको लागि लिइने परीक्षामा उम्मेदवार हुन पाउने छ ।

**हाल सम्म राष्ट्रिय सीप परीक्षण समितिले २६५ व्यावसायहरुको राष्ट्रिय व्यावसायिक सीप प्रमाणिका निमार्ण गरि २०८४८३ जनालाई सीप परीक्षण गरि १५०२१२ जनालाई प्रमाणिकरण गरिसकेको छ ।**

**सीपको प्रमाणपत्र लिएको व्यक्तिले उम्मेदवार हुन पाउने श्रेणी वा तह :**

क) तह एक नेपाल सरकारको राजपत्रअनङ्कित तृतिय श्रेणी (प्रा.) वा सोसरह वा तह व्यवस्था भएकोमा तेस्रो तह (प्रा)

ख) तह दुई नेपाल सरकारको राजपत्र अनङ्कित द्धितिय श्रेणी (प्रा) वा सोसरह वा तह व्यवस्था भएकोमा चौथो तह (प्रा)

ग) तह तीन नेपाल सरकारको राजपत्र अनङ्कित प्रथम श्रेणी (प्रा) वा सो सरह वा तह व्यवस्था भएकोमा पांचौ तह (प्रा)

घ) तह चार नेपाल सरकारको राजपत्र अङ्कित तृतीय श्रेणी (प्रा) वा सो सरह वा तह व्यवस्था भएकोमा छैठौ तह (प्रा)

**सीप परीक्षणबाट हुने फाईदाहरु :**

१. परम्परागत सीपयुक्त जनशक्तिहरु प्रमाणिकरण हुने ।
२. तालीमको लागि लगानीविना दक्ष सीपयुक्त जनशक्ति तयारहुने ।
३. प्राविधिज्ञको स्तर पहिचान भई एकरुपता आउने ।
४. स्वदेशी र वैदेशिक रोजगारको अवसर तथा वेतन बृद्धिहुने ।
५. गुणस्तरयुक्त सामाग्रीहरु उत्पादन र सेवा गर्नमा सहयोग मिल्ने ।

**सीप परीक्षणमा सामेल हुन आवश्यक पर्ने कुराहरु :**

१. नेपाली नागरिकताको प्रामाणित प्रतिलिपी
२. पासपोर्ट साईजको २ थान फोटो
३. १६ वर्ष उमेर पुगेको
४. निम्न अनुसारको न्युनतम योग्यता पुगेको र सो को प्रमाणित प्रतिलिपि ।

**(क) ईलेमेन्ट्रि तहको लागि :** १४० घण्टाको तालीम प्राप्त गरेको

**(ख) तह-१ को लागि :** साधारण लेखपढ गर्न सक्ने तथा सम्वन्धित व्यवसायको ज्ञान र सीप भई सम्वन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको । वा
सम्वन्धित व्यवसायमा तालीम लिइ ६ महिनाको कार्य अनुभव भएको । वा
सम्वन्धित व्यवसायमा कम्तिमा १ महिनाको (१६० घण्टाको) तालीम प्राप्त गरेको ।

**(ग) तह-२ को लागि :** साधारण लेखपढ गर्न सक्ने तथा सम्वन्धित व्यवसायको ज्ञान र सीप भई सम्वन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको वा
सम्बन्धित विषयमा १ वर्षको (कम्तिमा ६०० घण्टाको प्रत्यक्ष र ८०० घण्टाको कार्यगत) तालीम लिएको । वा
सम्बन्धित विषयमा तह-१ को सीप परीक्षण उत्तीर्ण भई एक वर्षको कार्य अनुभव प्राप्त गरेको ।

**(३) तह-३ को लागि :** साधारण लेखपढ गर्न सक्ने तथा सम्वन्धित व्यवसायमा ज्ञान र सीप भई सम्वन्धित पेशामा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको वा
सम्वन्धित विषयमा १ वर्षको तालीम लिई सम्वन्धित पेशामा २ वर्षको कार्य अनुभव प्राप्त गरेको । वा
सम्वन्धित व्यवसायमा तह-२ को सीप परीक्षण उत्तीर्ण भई एक वर्षको कार्य अनुभव प्राप्त गरेको ।

**परीक्षण शुल्क :**

१. फारम दस्तुर रु.१००।-
२. रजिष्ट्रेशन दस्तुर रु.१००।-
३.

| | (अ) सामान्य शुल्क | (आ) सुविधा शुल्क |
|---|---|---|
| (क) ईलेमेन्ट्रि तहको | रु.१००।- | रु.१००।- |
| (ख) तह १ को | रु.३००।- | रु.२००।- |
| (ग) तह २ को | रु.१०००।- | रु.५००।- |
| (घ) तह ३ को | रु.२२००।- | रु.११००।- |
| (ङ) तह ४ को | रु.३८००।- | रु.१९००।- |

**नियमित सीप परीक्षण संचालन हुने समय तालिका :**

**काठमाण्डौ उपत्यकाको लागि :**

| | | | |
|---|---|---|---|
| फारम वितरण शुरु | श्रावण २१ | मंसिर १२ | चैत्र १६ |
| फारम भर्ने अन्तिम मिति | भाद्र १८ | पौष १२ | वैशाख १५ |
| सम्पर्क मिति | भाद्र २४ | पौष २६ | वैशाख २० |
| सीप परीक्षण शुरु | भाद्र २८ | पौष २७ | वैशाख २२ |

**उपत्यका बाहिरको लागि :**

| | |
|---|---|
| फारम वितरण शुरु | मंसिर १२ |
| फारम भर्ने अन्तिम मिति | माघ ०२ |
| सम्पर्क मिति | माघ ११ |
| सीप परीक्षण शुरु | माघ १२ |

विस्तृत जानकारीको लागि
राष्ट्रिय सीप परीक्षण समिति
फोनः ०१-६६३८१५३ फ्याक्सः ०१-६६३८३५१
मोबाईल नंः ९८५११२७०८०
Website : www.nstb.org.np

# शिक्षालयको तालिम प्रक्रिया

| भर्ना | तालिम | | | मूल्याङ्कन तथा प्रमाणीकरण | कार्यगत तालिम तथा रोजगारी |
|---|---|---|---|---|---|
| | पाठ्यक्रम | | सह पाठ्यक्रम | | |
| समुदाय परिचालन<br>विज्ञापन<br>अन्तर्वार्ता<br>सरोकारवालासंग अन्तर्क्रिया | अटोमोबाईल मेकानिक<br>जनरल मेकानिक<br>अफसेट प्रिन्टिङ्ग प्रेस<br>प्रेस टेक्निसियन<br>ड्राफ्टम्यानसिप तथा इन्टेरियर डिजायन<br>मोटरसाईकल मेकानिक<br>बेसिक इलेक्ट्रोनिक्स | प्लम्बिङ्ग एण्ड स्यानिटेशन<br>इलेक्ट्रोनिक्स तथा मोबाईल मर्मत<br>बेसिक इलेक्ट्रिसियन<br>बेसिक वेल्डिङ्ग<br>हेभि इक्विपमेन्ट अपरेटर<br>हलुका सवारी चालक<br>टेलरिङ्ग | अभिमुखीकरण<br>जीवन उपयोगी सीप<br>सांस्कृतिक कार्यक्रम<br>खेलकुद तथा रचनात्मक क्रियाकलाप | आन्तरिक परीक्षा<br>अन्तिम परीक्षा<br>सीप परीक्षण<br>प्रमाण-पत्र वितरण | रोजगार प्रदान गर्ने निकायसित छलफल र अर्न्तक्रिया<br>कार्यगत तालिम<br>रोजगार तथा आत्मसम्मानपूर्ण जीवन |















# सानो ठिमी प्राविधिक शिक्षालय
सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३०३८८, ६६३१२७९
इमेल : stts@ucep.org.np